माननीय आर्थिक मामिला तथा योजना मन्त्री
कुन्दन राज काफ्लेले प्रस्तुत गर्नु भएको

# आर्थिक वर्ष २०८२/८३ को

# बजेट वक्तव्य

बागमती प्रदेश सरकार

## आर्थिक मामिला तथा योजना मन्त्रालय

हेटौंडा, नेपाल

१ असार २०८२

**माननीय सभामुख महोदय,**

१. नेपालको संविधानको धारा २०७ को व्यवस्था बमोजिम बागमती प्रदेश सरकारको आर्थिक मामिला तथा योजना मन्त्रीको हैसियतले यस गरिमामय प्रदेश सभामा आर्थिक वर्ष २०८२/८३ को आय व्ययको अनुमान प्रस्तुत गर्न पाउँदा गर्वको महसुस गरेको छु।

२. संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापनाको लागि विभिन्न समयमा भएका आन्दोलनहरूमा प्राण आहुति गर्ने सहिदहरू प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। लोकतन्त्र प्राप्ति तथा गणतन्त्र स्थापनाका क्रममा अग्रणी भूमिका निर्वाह गर्नुहुने आम दाजुभाइ तथा दिदीबहिनीहरूमा उच्च सम्मान प्रकट गर्दै हार्दिक आभार व्यक्त गर्दछु।

३. नेपालको संविधानले परिकल्पना गरेको दिगो शान्ति, सुशासन, विकास र समृद्धिको लक्ष्य अनुरुप **समृद्ध बागमती प्रदेश, सुखी प्रदेशबासी**को आकांक्षा पूरा गर्न बागमती प्रदेशको आर्थिक सामाजिक रुपान्तरणका लागि सामाजिक न्याय र आर्थिक समृद्धिको मार्गमा अगाडि बढ्न प्रदेश सरकारलाई दिशानिर्देश गरेको छ।

४. यस बजेटलाई प्रदेशको आर्थिक गतिविधिमा देखिएका चुनौती सम्बोधन गर्न उत्पादन, रोजगारी र आम्दानीका क्षेत्रहरूमा केन्द्रित गरी प्रदेशका नागरिकमा विकास र समृद्धिको आशा पूरा गर्न आत्मविश्वास जगाउने दस्तावेजको रुपमा लिएको छु।

५. मुलुकमा विकास र समुन्नतिको लक्ष्य प्राप्त गर्न प्रदेशमा राजनीतिक स्थायित्वलाई सुनिश्चित गर्ने र आर्थिक तथा समाजिक विकासलाई तिव्रता दिने प्रतिवद्धताका साथ यो सरकार गठन भएको हो। यो प्रतिवद्धतालाई पूरा

गर्ने दिशामा प्रस्तुत बजेट मार्गदर्शनको रुपमा रहनेछ भन्ने विश्वास लिएको छु।

६. आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा नेपालको संविधान, नेपालको दीर्घकालीन विकास लक्ष्य, सोह्रौं योजना, नेपाल सरकारको आर्थिक वर्ष २०८२/८३ को बजेट वक्तव्य, प्रदेशको दोस्रो आवधिक योजना, प्रदेश सरकारको नीति तथा कार्यक्रम, विनियोजन विधेयकको सिद्धान्त र प्राथमिकता तथा प्रदेश सभाका माननीय सदस्यहरूबाट प्राप्त सुझावलाई मार्गदर्शनको रूपमा लिएको छु। आम नागरिक, राजनीतिक दल, जनप्रतिनिधि, विद्वत् वर्ग, नागरिक समाज, निजी क्षेत्र एवम् सञ्चारकर्मी लगायत सरोकारवालाहरूबाट प्राप्त सुझावहरू समेतलाई बजेट निर्माणको प्राथामिकताको रुपमा राखेको छु।

**माननीय सभामुख महोदय,**

संघीय शासन प्रणालीको अभ्याससँगै बागमती प्रदेश सरकारको स्थापना पश्चात् प्रदेशको आर्थिक तथा सामाजिक क्षेत्रमा हासिल भएका प्रमुख उपलब्धिहरू र चालु आर्थिक वर्षको बजेट कार्यान्वयनको स्थितिलाई संक्षिप्तमा राख्ने अनुमति चाहन्छु।

७. आर्थिक वर्ष २०८१/८२ मा बागमती प्रदेशको कुल गार्हस्थ्य उत्पादन रु. २२ खर्ब ३० अर्ब २३ करोड हुने अनुमान छ। प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन २ हजार ६ सय १ अमेरिकी डलर पुग्ने अनुमान छ। प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा सेवा क्षेत्रको योगदान ७७.०७ प्रतिशत, कृषि क्षेत्रको योगदान ११.८० प्रतिशत र उद्योग क्षेत्रको योगदान ११.१३ प्रतिशत रहेको छ।

८. उत्पादनमूलक उद्योगको कुल मूल्य अभिवृद्धिमा बागमती प्रदेशको हिस्सा ३१.७० प्रतिशत र राष्ट्रिय कृषि उत्पादनमा बागमती प्रदेशको हिस्सा

१७.१२ प्रतिशत रहेको छ। बागमती प्रदेशमा ४४.५२ प्रतिशत अर्थात् २७ लाख २३ हजार ६ सय ३० जना व्यक्ति कृषि पेसामा आबद्ध छन्।

९. आर्थिक वर्ष २०८१/८२ मा बागमती प्रदेशको आर्थिक वृद्धिदर ५.१८ प्रतिशत रहने अनुमान रहेको छ। चालु आर्थिक वर्षको बैशाख महिनामा बागमती प्रदेशको उपभोक्ता मुद्रास्फीति २.४० प्रतिशत रहेको छ।

१०. नेपालको साक्षरता दर ७६.२० प्रतिशत रहेकोमा बागमती प्रदेशको साक्षरता दर ८२.१० प्रतिशत रहेको छ। बागमती प्रदेशको निरपेक्ष गरिबीको दर १२.५९ प्रतिशत र बहुआयामिक गरिबी ७ प्रतिशत रहेको छ।

११. बागमती प्रदेश सरकारको आर्थिक वर्ष २०८०/८१ को आन्तरिक आय, अनुदान, राजस्व बाँडफाँट र नगद मौज्दातबाट प्राप्त कुल आय रु. ६६ अर्ब ८२ करोड ९७ लाख रहेकोमा चालु आर्थिक वर्षको बैशाख मसान्तसम्मको कुल आय रु. ५० अर्ब २१ करोड ३७ लाख रहेको छ।

१२. बागमती प्रदेश सरकारको आर्थिक वर्ष २०८०/८१ को कुल खर्च ४४ अर्ब ५१ करोड ३२ लाख अर्थात् कुल विनियोजनको ७०.९८ प्रतिशत रहेकोमा चालु आर्थिक वर्षको बैशाख मसान्तसम्म कुल खर्च २५ अर्ब ११ करोड ४७ लाख अर्थात् कुल विनियोजनको ३८.९१ प्रतिशत रहेको छ।

१३. संवत् २०८१ फागुन मसान्तसम्म बागमती प्रदेशमा रहेका १५ लाख ६७ हजार ९ सय १७ घरधुरी मध्ये १४ लाख ४७ हजार ९ सय ३० घरधुरी अर्थात् ९२.३५ प्रतिशत घरधुरीमा आधारभूत खानेपानी सुविधा पुगेको र ९८.४० प्रतिशत घरधुरीमा आधारभूत सरसफाई तथा शौचालय सुविधा पुगेको छ।

१४. बागमती प्रदेश सरकारको स्थापना पश्चात् आर्थिक वर्ष २०८१/८२ को फागुन मसान्तसम्म बागमती प्रदेश सरकारद्वारा प्रादेशिक लोकमार्ग ९ सय ९८ किलोमिटर, प्रदेश मार्ग ४ हजार ६ सय ४९ किलोमिटर र शहरी तथा स्थानीय सडक ५ सय ६१ किलोमिटर, सडक पुल १ सय ४७ वटा र २८ वटा झोलुङ्गे पुल निर्माण भएका छन्।

१५. चालु आर्थिक वर्षमा प्रदेश सरकारको कुल खर्च विनियोजनको ७२.२४ प्रतिशत अर्थात् रु. ४६ अर्ब ६२ करोड ६२ लाख ६ हजार खर्च हुने संशोधित अनुमान रहेको छ। कुल विनियोजन मध्ये चालुतर्फ ७४.६३ प्रतिशत र पुँजीगत खर्चतर्फ ७३.५० प्रतिशत खर्च हुने संशोधित अनुमान छ। चालु आर्थिक वर्ष प्रदेश सरकारको राजस्व लक्ष्यको तुलनामा ९८.२७ प्रतिशत संकलन हुने अनुमान छ।

१६. प्रदेश सरकारको चालु आर्थिक वर्षको आर्थिक परिसूचक र तथ्याङ्क समावेश भएको आर्थिक सर्वेक्षण २०८१/८२ सम्मानित प्रदेश सभा समक्ष मिति २०८२ जेठ ३० गते प्रस्तुत गरिसकेको छु।

**माननीय सभामुख महोदय,**

अब म प्रदेशको वित्तीय व्यवस्थापन तथा बजेट कार्यान्वयनमा देखिएका चुनौती र अवसरहरू उल्लेख गर्ने अनुमति चाहन्छु।

१७. संविधान प्रदत्त अधिकार अनुसारका कानुनहरू समयमा निर्माण हुन नसक्नु र निर्माण भएका कानुनहरू प्रभावकारी ढङ्गले कार्यान्वयन हुन नसक्दा सुशासन र सेवा प्रवाह नागरिकले अपेक्षा गरे अनुरुप पूरा हुन सकेको छैन।

१८. अनुदान र राजस्व बाँडफाँटमा आधारित प्रदेशको आयलाई उत्पादनमा आधारित बनाउन सकिएको छैन। प्रदेशको राजस्व संकलनको प्रमुख

क्षेत्रको रुपमा रहेको घर जग्गा रजिष्ट्रेसन शुल्क, सवारी साधन कर र अन्य राजस्व अनुमान अनुसार संकलन हुन नसक्दा संघीय सरकारबाट प्राप्त हुने स्रोत माथिको निर्भरतामा कमी आउन सकेको छैन।

१९. बजेट विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र वित्तीय अनुशासन कायम हुन नसक्दा सार्वजनिक खर्चको उपयोगमा प्रभावकारिता आउन सकेको छैन। उच्च र दिगो प्रतिफल दिने ठुला आयोजनाको कार्यान्वयनमा दक्षता अभिवृद्धि गरी अपेक्षित परिणाम ल्याउन सकिएन।

२०. वित्तीय प्रणालीमा सुधार गरी स्रोत व्यवस्थापनलाई प्रभावकारी बनाउन अनुत्पादक खर्च नियन्त्रण गर्ने, अनुदानलाई उत्पादनमा आधारित बनाउने र प्रदेशको कुल आयमा आन्तरिक आयको हिस्सा बढाउने चुनौतीहरू प्रदेश सरकार सामु विद्यमान रहेका छन्।

२१. प्रदेशभित्र लगानीकर्तालाई प्रोत्साहन गर्ने गरी कानुनी, आर्थिक र सामाजिक पूर्वाधारको क्षेत्रमा सुधार गरी लगानी अनुकूल वातावरण बनाउन सकिएको छैन। प्रदेशको आर्थिक गतिविधिमा विकास र विस्तार गरी रोजगारीका अवसरहरूमा सबैको पहुँच र सहभगिता सुनिश्चित गर्न सकिएन।

२२. संघ र स्थानीय तहसँगको समन्वय प्रभावकारी हुन नसक्दा विपद् प्रतिकार्य, पुनर्स्थापना र विपद्बाट क्षति भएका संरचनाहरूको पुनःनिर्माणका कार्यहरू समयमा सम्पन्न हुन सकेका छैनन्। विपद् जोखिम न्यूनीकरणका लागि पर्याप्त स्रोत, साधन र प्रविधिको व्यवस्थापन तथा जनशक्तिको क्षमता विकास गर्न सकिएको छैन।

२३. नेपालको कुल गार्हस्थ्य उत्पादनमा बागमती प्रदेशको हिस्सा अन्य प्रदेशको भन्दा बढी भएको अवस्थाले यस प्रदेशमा आम्दानी र रोजगारीका प्रशस्त सम्भावनाहरू रहेका छन्।

२४. संघीय राजधानी समेत रहेको बागमती प्रदेशमा शहरी क्षेत्रको जनसंख्या उच्च रहेकोले उत्पादन तथा उत्पादकत्व अभिवृद्धि गर्दै प्रदेशभित्रका नागरिकको आय आर्जन बढाउन सकिने अवसरहरू विद्यमान छन्।

**माननीय सभामुख महोदय,**

उल्लिखित चुनौतिहरूको सामना गरी प्रदेशको आर्थिक गतिविधिलाई चलायमान बनाउन देहाय बमोजिमका प्रतिबद्धता पेश गरेको छुः

२५. साना प्रकृतिका आयोजनाहरूलाई निरुत्साहित गर्दै उच्च प्रतिफलयुक्त र प्रदेशको आन्तरिक आयमा योगदान दिन सक्ने ठुला प्रकृतिका आयोजनाहरू पहिचान गरी कार्यान्वयनमा लैजाने नीति लिइनेछ।

२६. आगामी आर्थिक वर्षको बजेट कार्यान्वयनलाई प्रभावकारी बनाउन साउन मसान्तभित्र बजेट कार्यान्वयन कार्ययोजना स्वीकृत गरिनेछ। सम्बन्धित मन्त्रालय तथा निकायले कार्तिक मसान्तसम्म स्वीकृत कार्यक्रम कार्यान्वयन गर्न कार्यविधि, निर्देशिका र मापदण्ड तयार गरी लागु गर्नु पर्नेछ।

२७. बहुवर्षीय आयोजनाको स्रोत सहमति सम्बन्धी मापदण्डको आधारमा आगामी आर्थिक वर्षको पहिलो चौमासिक भित्रै स्रोत सुनिश्चितता प्रदान गर्ने व्यवस्था मिलाइनेछ। प्रदेश गौरवका आयोजना, बहुवर्षीय आयोजना र क्रमागत आयोजनाहरू तोकिएको समयभित्रै सम्पन्न गर्ने व्यवस्था मिलाइनेछ।

२८. विनियोजन कुशलता र कार्यान्वयन दक्षता अभिवृद्धि गरी आयोजना कार्यान्वयनलाई प्रभावकारी बनाइनेछ। वित्तीय अनुशासनमा जोड दिई सार्वजनिक खर्चमा मितव्ययीता कायम गरिनेछ।

२९. बहुवर्षीय आयोजनाहरूको स्रोत सहमतिको अवधि बढीमा ३ वर्ष रहने छ। स्रोत सहमति लिई चालु आर्थिक वर्षको असार मसान्तसम्म ठेक्का प्रक्रिया पूरा नभएका र आगामी आर्थिक वर्षको बजेट विनियोजनमा प्रस्ताव नगरिएका आयोजनाको स्रोत सहमति खारेज गरिनेछ।

३०. **प्रादेशिक सडक यातायात गुरुयोजना**लाई आवश्यकता र प्राथमिकताको आधारमा परिमार्जन गरिनेछ। प्रदेशभित्रका व्यापारिक केन्द्रहरू तथा उदीयमान बजार केन्द्रहरू जोड्ने प्रादेशिक सडक यातायात गुरुयोजनाका सडकहरू र अन्य महत्वपूर्ण सडकहरूलाई पक्की, ग्रावेल र कच्ची सडकमा वर्गीकरण गरी आवश्यकताअनुसार निर्माण गरिनेछ।

३१. आगामी आर्थिक वर्षमा कार्यान्वयन हुने पूर्वाधार निर्माणसँग सम्बन्धित आयोजनाहरूलाई गुणस्तरीय, पारदर्शी र प्रभावकारी बनाउन प्रचलित कानुन बमोजिम ठेक्का प्रक्रियाबाट कार्यान्वयन गर्न जोड दिइनेछ।

३२. सार्वजनिक-निजी साझेदारी र तीन तहका सरकारबिचको सहकार्य र साझेदारीमा उत्पादन तथा उत्पादकत्व अभिवृद्धि गरिनेछ। नवप्रवर्तन र उद्यमशीलताको प्रवर्धन गरी युवा लक्षित रोजगारी सिर्जना गर्न उच्च प्राथमिकता दिइनेछ।

३३. प्रदेशको तुलनात्मक लाभ र प्रतिस्पर्धात्मक क्षमता भएका वस्तु तथा सेवा उत्पादनका क्षेत्रहरूमा लगानी बढाउने गरी बजेट विनियोजनलाई प्राथमिकता दिएको छु।

३४. अन्तरप्रदेश समन्वय मार्फत प्रदेशका करका दरहरूमा एकरुपता कायम गरिनेछ। वित्तीय संघीयताको प्रभावकारी कार्यान्वयन र वित्तीय अनुशासन कायम गर्न प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी कानुन तर्जुमा गरिनेछ।

**माननीय सभामुख महोदय,**

अब म आर्थिक वर्ष २०८२/८३ को बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु।

३५. बजेटका उद्देश्य देहाय बमोजिम रहेका छन्:

क) सहकार्य र साझेदारी मार्फत लगानी गरी उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने,

ख) आर्थिक तथा सामाजिक पूर्वाधारका क्षेत्रको विकास मार्फत गरिबी न्यूनीकरण गर्ने,

ग) उद्यमशीलता विकास र आधुनिक प्रविधिको उपयोग विस्तार गरी रोजगारीका अवसर सृजना गर्ने,

घ) बजेट प्रणालीमा सुधार गरी सर्वजनिक खर्चको प्रभावकारिता कायम गर्ने,

ङ) सुशासन प्रवर्धनका लागि सार्वजनिक सेवा प्रवाहमा गुणस्तरीयता ल्याउने।

३६. बजेटले लिएका उक्त उद्देश्यहरू हासिल गर्नका लागि देहायका प्राथमिकताहरू तय गरेको छु:

क) गुणस्तरीय पूर्वाधार, शिक्षा र स्वास्थ्य क्षेत्रको विकास,

ख) आधुनिक र व्यवसायिक कृषि क्षेत्रको विकास,

ग) पर्यटन प्रवर्धन, सहकारी र उद्यमशीलता विकास,

घ) वातावरण संरक्षण र विपद् व्यवस्थापन,

ङ) सूचना प्रविधि, नवप्रवर्तन र खेलकुद क्षेत्रको विकास,

च) प्रदेशको संस्थागत क्षमता विकास र सुशासन।

**माननीय सभामुख महोदय,**

अब म नेपालको संविधानको धारा ६० मा व्यवस्था भए बमोजिम स्थानीय तहमा हुने वित्तीय हस्तान्तरण सम्बन्धी विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु।

३७. स्थानीय तहका लागि वित्तीय समानीकरण अनुदानतर्फ राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिशका आधारमा रु. १ अर्ब ६६ करोड २५ लाख विनियोजन गरेको छु।

३८. स्थानीय तहबाट सञ्चालन गर्ने गरी सशर्त अनुदानतर्फ रु. ३ अर्ब ४३ करोड ८८ लाख विनियोजन गरेको छु।

३९. स्थानीय तहलाई समपूरक अनुदानतर्फ रु. २ अर्ब ७९ करोड ८६ लाख र विशेष अनुदानतर्फ रु. ७६ करोड ३० लाख विनियोजन गरेको छु।

४०. प्रदेश सरकारले संकलन गर्ने सवारी साधन करको बाँडफाँटबाट प्रदेशका ११९ स्थानीय तहहरूलाई रु. ५ अर्ब ५० करोड हस्तान्तरण हुने अनुमान गरेको छु। राजस्व बाँडफाँट र वित्तीय हस्तान्तरण अनुदान गरी स्थानीय तहमा आगामी आर्थिक वर्षमा रु. १४ अर्ब १५ करोड ८९ लाख हस्तान्तरण हुने अनुमान छ।

**माननीय सभामुख महोदय,**

अब म आगामी आर्थिक वर्षको लागि क्षेत्रगत कार्यक्रम र विनियोजनको प्रस्ताव प्रस्तुत गर्ने अनुमति चाहन्छु।

## कृषि तथा पशुपन्छी

४१. कृषिजन्य वस्तुको उत्पादन र उत्पादकत्व अभिवृद्धिको लागि कृषि क्षेत्रमा प्रविधिको प्रयोग बढाइनेछ। सार्वजनिक निजी साझेदारीको आधारमा कृषिलाई उत्पादन र उत्पादनलाई उद्योगसँग जोड्दै रोजगारी र आयआर्जन वृद्धि गरिनेछ।

४२. स्थानीय तहसँगको लागत साझेदारीमा खाद्यान्न, फलफूल, तरकारी तथा पशुपालनमा संलग्न साना किसानहरूलाई व्यवसायिक उत्पादनतर्फ प्रोत्साहित गर्न **समुदायमा आधारित एक वडा एक कृषि उत्पादन कार्यक्रम**लाई आगामी आर्थिक वर्षमा समेत निरन्तरता दिन रु. २५ करोड ५० लाख विनियोजन गरेको छु।

४३. तरकारी, फलफूल तथा माछा, मासु जस्ता उपजहरूमा किसानले पाउने मूल्य र उपभोक्ताले तिर्ने मूल्य अन्तरलाई घटाउन स्थानीय तहसँगको लागत साझेदारीमा पाइलटिङको रुपमा कृषि उपज बजार केन्द्र स्थापना गरी कृषि एम्बुलेन्स र भण्डारणको व्यवस्था गरेको छु।

४४. उपभोक्तालाई विषादीरहित फलफूल, तरकारीको उपलब्धताको लागि १६ वटा स्थानीय तहमा सूचना प्रविधिमा आधारित विषादी अवशेष परीक्षण प्रयोगशाला स्थापना र सञ्चालन गर्न रु. ९ करोड बजेट व्यवस्था गरेको छु।

४५. सहकारी संघ संस्था र कम्पनीहरूसँगको लागत साझेदारीमा ४ वटा स्मार्ट कृषि फार्म स्थापनाका लागि रु. ६ करोड विनियोजन गरेको छु। प्रदेशमा स्वस्थ मासुको आपूर्तिलाई प्रभावकारी बनाउन काठमाडौं र धादिङ जिल्लामा आधुनिक बधशाला स्थापना गर्न रु. ६ करोड बजेट व्यवस्था गरेको छु।

४६. फलफूल, तरकारी तथा खाद्यान्न बाली एवम् पशुपन्छी तथा मत्स्यपालन क्षेत्रमा उत्पादन र उत्पादकत्व वृद्धि गर्न उत्पादन प्रवर्धन कार्यक्रमलाई निरन्तरता दिएको छु। प्रदेशका सबै जिल्लामा एक जिल्ला एक विशेष कृषि उत्पादन पकेट क्षेत्र कार्यक्रम सञ्चालनका लागि रु. ६ करोड ५० लाख विनियोजन गरेको छु।

४७. माटोको उर्वराशक्तिलाई दिगो बनाउन र रासायनिक मल माथिको निर्भरतालाई घटाउन कार्यान्वयन भइरहेको **एक प्रदेशसभा निर्वाचन क्षेत्र, एक प्राङ्गारिक मल उत्पादन कारखाना कार्यक्रम**लाई आगामी आर्थिक वर्षमा समेत निरन्तरता दिन रु. १ करोड ५० लाख विनियोजन गरेको छु।

४८. फलफूल र तरकारी खेतीको विकास र विस्तार गरी बागमती प्रदेशलाई आत्मनिर्भर बनाइने छ। सार्वजनिक निजी साझेदारीमा दोलखामा किवीफल प्रशोधन केन्द्र र चितवनमा गोलभेंडा प्रशोधन केन्द्र स्थापना गरिनेछ।

४९. कृषि सम्बन्धी ज्ञान र सीप भएका युवा जनशक्ति तथा वैदेशिक रोजगारीबाट फर्केकाहरुलाई वित्तीय संस्थाहरु मार्फत निक्षेप तथा कर्जा सुरक्षण कोषसँगको साझेदारीमा सहुलियतपूर्ण कर्जा उपलब्ध गराइने छ। तहगत सरकारको समन्वयमा सञ्चालित सहुलियतपूर्ण कर्जाको व्याजमा अनुदान कार्यक्रमलाई आगामी आर्थिक वर्षमा निरन्तरताका लागि रु. ५ करोड बजेट व्यवस्था गरेको छु।

५०. नवीन सोच भएका युवा उद्यमी तथा उच्च स्तरका कृषि क्षेत्रका विज्ञहरूलाई स्टार्टअप ग्रान्ट सहितको व्यवहारिक सीपमूलक तालिमको व्यवस्था गरी कृषिमा आकर्षित गरिनेछ। भूमि, कृषि सामग्री, बीमा र बजारको प्रबन्ध गरी स्वदेशमा नै कामको वातावरण बनाउन कृषि ज्ञानरत्न प्रवर्धन कार्यक्रमलाई आगामी आर्थिक वर्षमा समेत निरन्तरता दिएको छु।

५१. प्रदेशलाई दुधमा आत्मनिर्भर बनाउन दुग्ध व्यवसायमा संलग्न किसानहरूलाई उपलब्ध गराइँदै आएको उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रमलाई स्थानीय तहबाट सशर्त अनुदान मार्फत् कार्यान्वयन हुने गरी आगामी आर्थिक वर्षमा समेत निरन्तरता दिएको छु। यसका लागि रु. २० करोड विनियोजन गरेको छु। दुग्धजन्य उत्पादनको निर्यातमा प्रोत्साहन अनुदान कार्यक्रम एवम् दुधजोन कार्यक्रमलाई समेत निरन्तरता दिएको छु।

५२. बागमती प्रदेशमा कृषिजन्य र दुग्धजन्य उत्पादनको वितरण र बजारीकरणलाई सहज बनाउन निर्माण सम्पन्न भएका शीतभण्डार तथा बागमती धुलो दुध कारखानालाई उपयुक्त ढाँचा तयार गरी सञ्चालनमा ल्याइनेछ।

५३. खेतीयोग्य जमिनमा सर्वयाम सिंचाइ सुविधा उपलब्ध गराउन साना सिंचाइ आयोजनाको निर्माण तथा मर्मत सम्भार कार्यक्रमलाई निरन्तरता दिइनेछ। जग्गा भाडामा लिई केरा खेती गर्दै आइरहेका किसानहरूको उत्पादन लागत घटाइ प्रतिस्पर्धात्मक क्षमता वृद्धि गर्न प्रति हेक्टर रु. २० हजारका दरले जग्गा भाडा भुक्तानीमा दिइँदै आएको अनुदानलाई निरन्तरता दिएको छु।

५४. प्रदेशमा उत्पादित पशुजन्य वस्तुको अन्तर्राष्ट्रिय बजारमा पहुँच विस्तारका लागि खोरेत लगायत महामारीजन्य संक्रामक रोगहरूको पहिचान, नियन्त्रण तथा रोकथामको लागि आधुनिक प्रविधिको प्रयोग गर्दै विशेष खोप अभियान कार्यक्रमहरू सञ्चालन गर्न रु. १२ करोड विनियोजन गरेको छु।

५५. प्राकृतिक तथा गैर प्राकृतिक विपद्का कारण कृषि उत्पादनको नोक्सानी बेहोरेका किसानहरूलाई प्रदेश सरकारले उपलब्ध गराउँदै आइरहेको राहत कार्यक्रमलाई आगामी आर्थिक वर्षका लागि समेत निरन्तरता दिएको छु। निर्वाहमुखी र विपन्न वर्गका किसानहरूको जीविकोपार्जन सुधारका लागि

साना किसान लक्षित व्यवसायिक कृषि कार्यक्रम सञ्चालन गर्न बजेटको व्यवस्था गरेको छु।

५६. उच्च प्रविधियुक्त संरचनामा च्याउ उत्पादन, दुग्ध चिस्यान केन्द्र तथा मत्स्यपालनमा खपत हुने विद्युत् महशुलमा ५० प्रतिशत रकम अनुदान दिने कार्यक्रमलाई आगामी आर्थिक वर्षमा समेत निरन्तरता दिएको छु।

५७. वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरूलाई कृषिमा आबद्ध गरी ज्ञान सीपको उपयोग गरी कृषि उत्पादन वृद्धि गर्न वडा स्तरमा समूह बनाइ कृषिजन्य सामग्रीमा सहुलियत प्रदान गरिनेछ।

५८. कृषि तथा पशुपन्छी विकास मन्त्रालयको लागि रु. २ अर्ब ६३ करोड ४२ लाख विनियोजन गरेको छु।

## भाषा, संस्कृति तथा पर्यटन

५९. प्रदेश सरकारको क्षेत्राधिकारभित्र पर्ने धार्मिक, सांस्कृतिक, पर्यटकीय तथा ऐतिहासिक सम्पदाहरूको सञ्चालन, संरक्षण तथा व्यवस्थापनको लागि आवश्यक कानुनहरू तर्जुमा गरिनेछ। बागमती प्रदेशलाई देशको प्रमुख पर्यटकीय गन्तव्यको रुपमा स्थापित गर्ने नीति लिइने छ।

६०. प्रदेश भित्र बोलिने भाषा, कला, साहित्य, धर्म तथा मौलिक संस्कृतिको पहिचान, संरक्षण र प्रवर्धन गरिनेछ। प्रदेशभित्रको मौलिकता एवम् सांस्कृतिक विविधता झल्काउने चलचित्रहरूको निर्माणलाई प्रोत्साहन गरिनेछ। पर्यटकीय क्षेत्र दोलखाको डाङडुङे डाँडालाई फिल्म सिटीको रुपमा विकास गर्न रकम विनियोजन गरेको छु।

६१. प्रदेशमा पर्यटन प्रवर्धन गर्नको लागि स्थानीय तहसँगको साझेदारीमा हेलम्बु ग्रेट ट्रेल सिन्धुपाल्चोक, किस्पाङ नौ घडेरी पर्यटकीय प्रवर्धन नुवाकोट र

शैलुङ मिनी ग्रेटवाल दोलखामा आकर्षक एवम् रमणीय पार्कहरू निर्माण गर्न रु. १२ करोड विनियोजन गरेको छु।

६२. प्रदेशभित्र रहेका प्रमुख पर्यटकीय गन्तव्यहरूको प्रवर्धन गर्न स्वेदश तथा विदेशमा रहेका पर्यटनसँग सम्बन्धित चर्चित कन्टेन्ट क्रिएटर र भ्लगरहरूलाई परिचालन गरिनेछ। छिमेकी मुलुकका पर्यटकलाई लक्षित गरी पर्यटन प्रवर्धनका विशेष प्याकेज सञ्चालन गरिनेछ। बागमती पर्यटन डिजिटल अभियान मार्फत् पर्यटकीय स्थलहरूको प्रचार प्रसार गरिनेछ।

६३. बागमती प्रदेशका पर्यटकीय क्षेत्रमा बृहत् सम्भावना बोकेको साहसिक पर्यटन प्रवर्धनको लागि एडभेन्चर टुरिजम फेस्टिभल आयोजना गरिनेछ। प्रदेशभित्र प्याराग्लाइडिङ्को लागि उपयुक्त स्थानको सम्भाव्यता अध्ययन गरी कार्यक्रम सञ्चालन गरिनेछ। साहसिक पर्यटन प्रवर्धनको लागि तीन तहका सरकारबिचको समन्वयमा सिन्धुपाल्चोकको बलेफीमा र्‍याफ्टिङ गाइड उत्पादन गर्न तालिम कार्यक्रम सञ्चालन गरिनेछ।

६४. प्रदेशमा रहेका ७ हजार मिटरभन्दा कम उचाइका अपरिचित हिमालहरूको आरोहणलाई प्रवर्धन गरिनेछ। साहसिक पर्यटन क्षेत्रमा पर्यटकीय आगमनलाई बढावा दिन प्रदेशमा रहेका ६ हजार मिटरसम्मका हिमालहरूलाई ट्रेकिङ पिकको रुपमा विकास गरिनेछ।

६५. उच्च पहाडी क्षेत्र, हिमाली क्षेत्र र महाभारत पर्वत श्रृङ्खलामा रहेका पदमार्गको पहिचान र विकास गरी **मकवानपुरगढीदेखि सिन्धुलीगढी, कालिगण्डकीदेखि कालिञ्चोक, गौरीघाटदेखि गोसाईकुण्ड** र **रानीपोखरीदेखि पाँचपोखरी** जोड्ने ऐतिहासिक एवम् धार्मिक महत्वका क्षेत्रहरूलाई जोडी पर्यापर्यटन र धार्मिक पर्यटन क्षेत्रको रुपमा विकास गरिनेछ।

६६. प्रदेशमा रहेका पर्यटकीय, धार्मिक तथा सांस्कृतिक सम्पदाहरूको संरक्षण, संवर्द्धन र प्रवर्धन गरी बागमती प्रदेशलाई देशकै प्रमुख पर्यटकीय आकर्षण केन्द्रको रुपमा स्थापित गरी चितवनलाई प्रदेशको पर्यटन हबको रुपमा विकास गर्न रकम विनियोजन गरेको छु।

६७. प्राकृतिक प्रकोप र विपद्ले नोक्सानी र क्षति मात्रै होइन अवसर पनि सिर्जना गर्छ भन्ने मान्यतालाई स्थापित गर्न विभिन्न घटना परिघटना एवम् प्राकृतिक घटनाले सिर्जित स्थानलाई स्मारकको रुपमा विकास गरी विपद् पर्यटन सम्भाव्यता अध्ययन गर्न बजेट व्यवस्था गरेको छु।

६८. बागमती प्रदेशभित्र रहेका मूर्त र अमूर्त सांस्कृतिक सम्पदाहरूको जगेर्ना तथा प्रवर्धन गरिनेछ। बालबालिकालाई उनीहरूको मातृभाषा प्रवर्धनका लागि विभिन्न श्रव्यदृश्य कार्यक्रम तथा पाठ्यसामग्री निर्माणका लागि बजेट छुट्याएको छु।

६९. संस्कृति तथा पर्यटन मन्त्रालयको लागि जम्मा रु. ३ अर्ब ६७ करोड ७० लाख विनियोजन गरेको छु।

## सहकारी तथा गरिबी निवारण

७०. वित्तीय तथा व्यवस्थापकीय जोखिममा रहेका सहकारी संस्थाहरूको तथ्याङ्क संकलन, अध्ययन, विश्लेषण र वर्गीकरण गरिनेछ। सहकारी संस्थामा रहेको बचतको सुरक्षा र लगानीकर्ताको लगानी संरक्षणको लागि जोखिममा आधारित अनुगमन तथा नियमन गरिनेछ।

७१. उत्पादनमूलक सहकारी संस्थाहरूलाई प्रविधि तथा सीप हस्तान्तरण मार्फत प्रोत्साहन गरिनेछ। प्रदेश अन्तर्गतका सहकारीहरू मध्ये उत्कृष्ट कार्य गर्ने सहकारीलाई पुरस्कृत गर्ने व्यवस्था मिलाएको छु।

७२. मानव विकास सूचकाङ्कको आधारमा प्रदेश भित्रका गरिब घरपरिवारको पहिचान गरी गरिब परिचयपत्र वितरण कार्य शुरु गरिनेछ। सो परिचयपत्रका आधारमा पहिचान भएका गरिब घरपरिवारको लागि आयआर्जन तथा जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन गर्न बजेट व्यवस्था गरेको छु।

७३. स्थानीय तहसँगको साझेदारीमा सञ्चालनमा रहेको अति सीमान्तकृत चेपाङ समुदायको संरक्षण र सशक्तीकरणका लागि **चेपाङ, चिउरी र मौरी कार्यक्रम** कार्यान्वयनका लागि बजेट व्यवस्था गरेको छु।

७४. सहकारी तथा गरिबी निवारण मन्त्रालयको लागि रु. २५ करोड ७८ लाख विनियोजन गरेको छु।

## उद्योग, वाणिज्य, भूमि तथा प्रशासन

७५. प्रदेशको उद्योग, वाणिज्य, भूमि प्रशासन सम्बन्धी कार्यलाई समयानुकूल बनाइ प्रदेशको आर्थिक गतिविधिमा यी क्षेत्रहरूको योगदान बढाउन प्रादेशिक औद्योगिक नीति, वाणिज्य नीति र भूमि नीति तर्जुमा गरिनेछ।

७६. स्थानीयस्तरमा उद्यमशीलता प्रवर्धन गरी रोजगारी सिर्जना गर्न विस्तृत परियोजना प्रतिवेदन तयार भइसकेका नुवाकोटको शिवपुरी गाउँपालिका, सिन्धुपाल्चोकको इन्द्रावती गाउँपालिका, मकवानपुरको बकैया गाउँपालिका, काभ्रेपलाञ्चोकको मण्डनदेउपुर नगरपालिका, धादिङको नीलकण्ठ नगरपलिका, सिन्धुलीको दुधौली नगरपालिकामा औद्योगिक ग्राम र भक्तपुरको चाँगुनारायण नगरपालिकामा सांस्कृतिक औद्योगिक ग्रामको पूर्वाधार निर्माण गर्न रु. २ करोड २० लाख विनियोजन गरेको छु।

७७. **"युवालाई स्वदेशमै रोजगार-समृद्ध प्रदेशको बलियो आधार"** भन्ने नारालाई आत्मसात् गर्दै नवप्रवर्तन र उद्यमशीलता प्रवर्धन कार्यक्रम सञ्चालन गर्न बागमती प्रदेशका १३ वटै जिल्लाहरूमा स्टार्टअप, इन्क्युवेसन सेन्टर तथा कोशेली घरको स्थापना गरी प्रविधि हस्तान्तरण गरिनेछ।

७८. **"एक कार्यालय एक वस्तु विकास केन्द्र"** को अवधारणा अनुसार उद्यमशीलताको विकास मार्फत रोजगारी सिर्जना गर्न सबै उद्योग तथा वाणिज्य कार्यालयहरूलाई स्रोत केन्द्रको रुपमा विकास गर्न बजेट व्यवस्था गरेको छु।

७९. बागमती प्रदेश स्थित मदनभण्डारी राजमार्ग र पूर्व-पश्चिम राजमार्ग क्षेत्रका हात्तीसुँढे, झुरझुरे, झनझने, मरिणछाप, भीमान, डकाहा, खोरभञ्ज्याङ र भण्डारालाई स्थानीय तहहरूसँग सहकार्य एवम् साझेदारी गरी व्यापारिक केन्द्रको रुपमा विकास र बजार प्रवर्धन गरिनेछ।

८०. **"जहाँ उत्पादन, त्यहाँ रोजगारी"** भन्ने नाराका साथ प्रत्येक जिल्लामा स्थानीय स्रोत, साधनको उपयोग गर्दै उत्पादन वृद्धि र रोजगारी सिर्जना गर्न प्रदेशका ५ स्थानीय तहमा **"एक स्थानीय तह, एक प्रमुख उद्योग"** कार्यक्रम र १३ जिल्लाका एक-एक वडाहरूमा **"एक वडा एक उद्यम"** कार्यक्रम सञ्चालन गर्न रु. ५ करोड १० लाख बजेट व्यवस्था गरेको छु।

८१. उद्योग तथा वाणिज्य कार्यालयहरूबाट प्रवाह हुने उद्योग तथा वाणिज्य प्रशासन सम्बन्धी सेवालाई थप सरल, छिटो, प्रविधिमैत्री बनाइ विद्युतीय प्रणाली मार्फत सञ्चालन गर्न सबै उद्योग तथा वाणिज्य कार्यालयहरूलाई क्रमशः नमूना कार्यालयको रुपमा विकास गर्ने नीति लिइनेछ। आगामी आर्थिक वर्ष सिन्धुली, भक्तपुर, काभ्रेपलाञ्चोक र रामेछाप जिल्लाका उद्योग

तथा वाणिज्य कार्यालयहरूलाई नमूना कार्यालयको रुपमा विकास गर्न बजेट व्यवस्था गरेको छु।

८२. भूमिको एकीकृत र वस्तुनिष्ठ लगतको आधारमा भू-उपयोग विश्लेषण गरी भू-उपयोग रणनीति तयार गर्दै जग्गाको वर्गीकरण गरिनेछ। जग्गा एकीकरण तथा गरा सुधार कार्यक्रमका लागि सिन्धुलीको तीनपाटनमा चक्लाबन्दी कार्यक्रम सुरुवात गरिनेछ।

८३. मालपोत तथा नापी कार्यालयसँगको समन्वयमा सरकारी, सार्वजनिक तथा गुठी जग्गाको व्यवस्थित विद्युतीय अभिलेख तयार गर्ने कार्यलाई निरन्तरता दिइनेछ। मालपोत तथा नापी कार्यालयको संस्थागत सुदृढीकरण अन्तर्गत स्रेस्ता व्यवस्थापन तथा नक्सा सुधार गरी भूमि प्रशासनबाट हुने सेवा प्रवाहलाई प्रभावकारी बनाइनेछ।

८४. तहगत सरकारसँगको समन्वयमा आवश्यक कानुनी व्यवस्था गरी घरेलु मदिराको उत्पादनमा आधुनिक प्रविधिको प्रयोग मार्फत ब्राण्डिङ गर्ने कार्यको अध्ययन गरिनेछ।

८५. बागमती प्रदेशमा स्वदेशी उद्योग एवम् सोबाट उत्पादित सामग्रीहरूको प्रदर्शन तथा व्यापार व्यवसायको प्रवर्धनका लागि निजी क्षेत्रसँग सहकार्य गरी मेला, महोत्सव तथा प्रदर्शनी आयोजना गरिनेछ।

८६. उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालयका लागि रु. ७७ करोड ९६ लाख विनियोजन गरेको छु।

## वन, वातावरण र जलवायु परिवर्तन

८७. वनजन्य स्रोतहरूको व्यवसायिक उपयोग तथा दिगो व्यवस्थापन र वन पैदावारमा आधारित उद्यमको विकासबाट उत्पादन र उत्पादकत्व वृद्धि

गरिनेछ। राष्ट्रिय वनबाट ढलापडा र सुखडखडा काठहरूको संकलन तथा बिक्री वितरण गरी प्रदेशको आम्दानीमा वृद्धि गरिनेछ।

८८. प्रदेशमा उत्पादन हुने नरम काठको गुणस्तर वृद्धि गरी स्वदेशी काठको प्रयोग बढाउन र विदेशी काठको आयातलाई घटाउन वन उपभोक्ता समूह, निजीक्षेत्र तथा सहकारीको समन्वय र साझेदारीमा ट्रिटमेन्ट तथा सिजनिङ प्लान्ट स्थापना र सञ्चालन गरिनेछ। यसका लागि रु १ करोड ९० लाख विनियोजन गरेको छु।

८९. गत असोज महिनामा भएको विपद्‌बाट सिर्जित आर्थिक, वातावरणीय तथा सामाजिक क्षतिको पुनर्स्थापनालाई प्राथमिकतामा राखी पहिरो नियन्त्रण, मानव बस्ती संरक्षण, सिमसार क्षेत्र र एकीकृत जलाधार व्यवस्थापन गरिनेछ। जलाधार क्षेत्रको व्यवस्थापन गर्न तथा स्थानीय समुदायको जीविकोपार्जनका लागि बाँस खेती प्रवर्धन गरिनेछ।

९०. सडक र नहरको दायाँबायाँ रहेको जग्गा, ऐलानी, पर्ति, बाँझो र प्रयोग नभएको जग्गामा उपयुक्त किसिमका वनजन्य, सौन्दर्यपरक तथा फलफूल प्रजातिहरूको वृक्षारोपण गरिनेछ।

९१. वन डढेलो नियन्त्रणका लागि उपकरण खरिद, क्षमता विकास तथा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ। वन अतिक्रमण नियन्त्रण, चोरी शिकारी नियन्त्रण तथा वृक्षारोपणका कार्यक्रम सञ्चालन गरी वन विनाश तथा क्षयीकरणमा कमी ल्याइनेछ।

९२. आर्थिक हिसाबले प्रदेश भित्रका महत्वपूर्ण जडीबुटी प्रजातिहरूको पहिचान गरी तिनीहरूको वितरण र प्रचुरताको आधारमा विस्तृत नक्साङ्कन गरिनेछ।

यस्ता जडीबुटी प्रजातिहरूको संरक्षण, खेती विस्तार, सङ्कलन, प्रशोधन तथा बजार प्रवर्धनका लागि रकम विनियोजन गरेको छु।

९३. ललितपुरको गोदावरीमा रहेको वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रलाई मानव संसाधन विकास र वन तथा वातावरण क्षेत्रमा अनुसन्धानमूलक कार्य गर्न प्रादेशिक अनुसन्धान तथा सूचना केन्द्रको रुपमा विकास गरिनेछ।

९४. मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि वन्यजन्तुको बासस्थान व्यवस्थापन गरिनेछ। वनसँग जोडिएका जग्गामा वन्यजन्तुले नरुचाउने प्रजातिका जडीबुटी र गैरकाष्ठ वृक्षारोपण गरिनेछ। घाइते, टुहुरा र मानव वन्यजन्तु द्वन्द्वमा नियन्त्रण गरिएका वन्यजन्तुहरूको व्यवस्थापनका लागि प्रदेशस्तरमा स्रोतसाधन सम्पन्न वन्यजन्तु उद्धार केन्द्र स्थापना गरिनेछ। वन्यजन्तुबाट पीडित परिवारहरूलाई राहत वितरण गर्ने कार्य सरल र सहज बनाइने छ।

९५. सरकारी संरचनाहरू र प्रदेश सरकारको अनुदानबाट निर्माण गरिने भवनहरूमा स्वदेशी काठको प्रयोगलाई अनिवार्य गर्न प्रदेशका सबै जिल्लाहरूमा जिल्ला वन पैदावार आपूर्ति समिति गठन गरी डिपो मार्फत सहज र सरल रुपमा काठ उपलब्ध गराइनेछ।

९६. वातावरण सम्बन्धी अध्ययन प्रतिवेदनको पालना भए नभएको सम्बन्धमा अनुगमन तथा नियमन गर्नको लागि संस्थागत क्षमता अभिवृद्धि गरिनेछ। वातावरणीय गुणस्तर सूचक तथा मापदण्डको विकास र मापनको लागि उपयुक्त प्रविधि सहितको संयन्त्र स्थापना गरिनेछ।

९७. **जलवायु परिवर्तन, हिमाल र मानव जातिको भविष्य** भन्ने घोषणा सहित सम्पन्न भएको **सगरमाथा संवाद**को राष्ट्रिय अन्तर्राष्ट्रिय महत्वलाई

प्राथमिकतामा राखी सरोकारवालाहरूसँगको समन्वयमा प्रदेशस्तरका जलवायु न्याय र जलवायु परिवर्तनका प्रभाव सम्बन्धी अध्ययन अनुसन्धान गर्न रकम विनियोजन गरेको छु।

९८. स्वच्छ तथा स्वस्थ वातावरण कायम गर्नका लागि प्लास्टिकजन्य सामग्रीको विकल्पमा कुहेर जाने खालका सामग्रीहरूबाट तयार हुने वस्तुहरूको प्रयोगलाई प्रोत्साहन गरिनेछ।

९९. वन तथा वातावरण मन्त्रालयको लागि रु. ३ अर्ब ९९ करोड ६७ लाख विनियोजन गरेको छु।

## श्रम, रोजगार तथा यातायात

१००. यातायात सेवालाई सहज र प्रभावकारी बनाउन यातायात व्यवस्था कार्यालयका सम्पूर्ण सेवालाई डिजिटल प्रविधिमा रूपान्तरण गरिनेछ। सेवाग्राहीलाई गुणस्तरीय सेवा प्रदान गर्न अनलाइन प्रणालीको प्रभावकारी कार्यान्वयन गरिनेछ। सवारी चालक अनुमतिपत्र, सवारी दर्ता र प्रदूषण परीक्षण प्रमाणपत्रलाई एकीकृत गरी क्युआर कोड मार्फत नियमन र प्रमाणीकरणको व्यवस्था मिलाएको छु। यस कार्यका लागि रु. ५ करोड विनियोजन गरेको छु।

१०१. यातायात सम्बन्धी सेवामा सेवाग्राहीको पहुँच र सुविधालाई प्राथमिकतामा राखी यातायात व्यवस्था कार्यालयका भवनलाई आधुनिक र सेवाग्राहीमैत्री बनाइनेछ। आवश्यकता अनुसार सेवाग्राहीको सुविधाको लागि नयाँ यातायात व्यवस्था कार्यालयको विस्तार गरिनेछ।

१०२. सार्वजनिक यातायातलाई प्रविधिमैत्री बनाउन सवारी साधनमा जिपिएस ट्र्याकिङ प्रणाली जडान गरी सवारी साधन, सवारी चालक र यात्रुको

सुरक्षाको प्रत्याभूति गरिनेछ। सार्वजनिक यातायातलाई व्यवस्थित तरिकाले सञ्चालन गर्न नगदरहित भुक्तानी प्रणाली लागु गरी स्मार्ट यातायात सेवाको रुपमा सञ्चालन गरिनेछ।

१०३. सार्वजनिक यातायातलाई मर्यादित बनाउन बालश्रम मुक्त गर्दै कार्यरत श्रमिकहरूको व्यवहार र बोलीलाई नम्र बनाइनेछ। सार्वजनिक यातायातमा श्रमिकको रुपमा काम गर्नका लागि प्रदेश प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम परिषद्बाट तालिम लिनुपर्ने र तालिम नलिएकाले श्रमिकको रुपमा कार्य गर्न नपाउने गरी कानुनी व्यवस्था गरिनेछ।

१०४. राइड सेयरिङ सेवालाई कानुनी दायरामा ल्याई नियमन, गुणस्तर र सुरक्षाको मापदण्ड स्थापित गरिनेछ। बागमती ई-ड्राइभिङ लाइसेन्स पोर्टलमा गरिएको सुरुवातलाई प्रभावकारी बनाई डिजिटल सेवामा पहुँच अभिवृद्धि गरिनेछ। सवारी साधनको पहिचान र सुरक्षा सुनिश्चित गर्न सबै सवारी साधनमा इम्बोस्ड नम्बर प्लेट अनिवार्य गरिनेछ।

१०५. प्रदेशभित्र वातावरणमैत्री सवारी साधनलाई प्रोत्साहन गर्दै पेट्रोल तथा डिजेलबाट चल्ने सवारी साधनलाई विद्युतीय सवारी साधनमा क्रमशः रुपान्तरण गर्दै लगिनेछ। विद्युतीय सवारी साधनको दर्ता प्रक्रिया सरलीकृत गर्नको लागि मापदण्डलाई समयसापेक्ष बनाइनेछ।

१०६. स्वदेशमा रोजगारी सिर्जनाका लागि युवा, महिला र सीमान्तकृत समुदायको क्षमता अभिवृद्धि गर्न व्यवसायिक तालिमका कार्यक्रमहरू सञ्चालन गरिनेछ। निजी क्षेत्रसँगको साझेदारीमा रोजगार मेला आयोजना गरी रोजगारदाता र श्रमिक बीच सम्पर्क स्थापित गरिनेछ।

१०७. वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउन गन्तव्य मुलुकहरूमा श्रमिकको हकहित संरक्षण र सचेतना अभिवृद्धि गरिनेछ। वित्तीय साक्षरता कार्यक्रम मार्फत वैदेशिक रोजगारीबाट प्राप्त रेमिटेन्सलाई उत्पादनमूलक क्षेत्रमा लगानी गर्न प्रोत्साहन गरिनेछ। रिटर्नीहरुको ज्ञान, सीप र अनुभव उपयोग गरी रोजगारी सिर्जना र उद्यमशीलता प्रवर्धन गर्न बजेट व्यवस्था गरेको छु।

१०८. श्रम, रोजगार र यातायातको क्षेत्रमा व्यवसायजन्य सुरक्षा र मापदण्डको कार्यान्वयन गरी दुर्घटना न्यूनीकरण र श्रमिकको स्वास्थ्य संरक्षण गरिनेछ। जोखिमयुक्त क्षेत्रमा कार्यरत श्रमिकको सुरक्षालाई सुदृढ तुल्याउन गुणस्तरयुक्त सुरक्षा उपकरणहरू उपलब्ध गराइनेछ।

१०९. श्रम, रोजगार तथा यातायात मन्त्रालयको लागि रु. ८७ करोड ४१ लाख विनियोजन गरेको छु।

## स्वास्थ्य सेवा

११०. **"स्वस्थ नागरिक गुणस्तरीय जीवनयापन"** को सोच अनुरुप प्रदेशबासीलाई सर्वसुलभ र गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराइनेछ। विशिष्टीकृत स्वास्थ्य सेवाको लागि प्रदेशका अस्पतालहरूको पूर्वाधार विकास गर्दै लगिनेछ। प्रदेश अस्पतालहरूमा सक्षम जनशक्ति र औजार उपकरणको व्यवस्थापन गरी स्वास्थ्य सेवामा सुधार गरिनेछ।

१११. दुर्गम क्षेत्रमा विशेषज्ञ चिकित्सक प्रोत्साहन योजना कार्यान्वयन गरिनेछ। अस्पतालहरूमा विद्युतीय अभिलेखलाई कार्यान्वयन गर्न तथा अस्पतालको सेवा सुदृढीकरण तथा अस्पताल गुणस्तर सुधार कार्यक्रम लागु गरिनेछ।

११२. **"मेरो स्वास्थ्य, मेरो जिम्मेवारी - एक घण्टा, मेरा लागि"** अभियान सञ्चालन गरिनेछ। यस अभियान अन्तर्गत मानसिक स्वास्थ्य प्रवर्धन र मानसिक चिकित्सा सेवा उपचारको आवश्यकता पर्ने व्यक्तिहरूलाई निःशुल्क उपचार प्रदान गरिनेछ। योग, ध्यान र प्राणायामको माध्यमबाट स्वास्थ्य सेवाको प्रवर्धन गरिनेछ।

११३. **"सबै नीतिमा स्वास्थ्य"** अवधारणालाई निरन्तरता दिइनेछ। **"एक जिल्ला, एक स्वस्थ शहर"** को अवधारणा र **"एक स्थानीय तह, एक नमूना स्वास्थ्य संस्था"** कार्यक्रम सञ्चालन गरिनेछ। एक विद्यालय एक नर्स कार्यक्रमलाई आगामी आर्थिक वर्षमा समेत निरन्तरता दिँदै रु. ४२ करोड बजेटको व्यवस्था गरेको छु।

११४. नागरिकको स्वास्थ्यमा आउन सक्ने महामारीको रोकथाम र नियन्त्रणका लागि विपद् पूर्वतयारी तथा प्रतिकार्यलाई सुदृढीकरण गरिनेछ। एकीकृत जनस्वास्थ्य तथा पोषण प्रवर्धन अभियान र विशेषज्ञ स्वास्थ्य शिविर सञ्चालन गरिनेछ। आधारभूत अस्पतालहरूमा आकस्मिक स्वास्थ्य सेवाको लागि विशेषज्ञ अस्पतालसँग टेलिमेडिसिन सेवा सञ्चालन गर्न बजेट छुट्याएको छु।

११५. **मुख्यमन्त्री जनता स्वास्थ्य कार्यक्रम**लाई स्थानीय तहसँगको सहकार्यमा समुदायस्तरसम्म विस्तार गरिनेछ। मानसिक रोग तथा उच्च रक्तचाप उपचारको लागि तोकिएका औषधिहरू निःशुल्क उपलब्ध गराइनेछ। मुखको क्यान्सर, महिलाहरूमा हुने स्तन क्यान्सर तथा पाठेघरको मुखको क्यान्सर र पुरुषहरूमा हुने प्रोष्टेट क्यान्सरको समयमा नै पहिचान र रोकथाम गर्न निःशुल्क सेवा दिइनेछ। क्यान्सर बिरामीका लागि प्रदेश सरकारले प्रदान गर्दै आएको उपचार सहुलियतलाई निरन्तरता दिँदै पाठेघर सम्बन्धी क्यान्सर

भएका महिलाहरूलाई थप उपचार सहुलियत समेत प्रदान गर्न रु. १५ करोड विनियोजन गरेको छु।

११६. ज्यान जोखिममा रहेका गर्भवती र सुत्केरी आमाहरूको निःशुल्क हवाई उद्धार कार्यक्रमलाई निरन्तरता दिएको छु। दुर्गम गाउँपालिकाहरूमा **"एक स्वास्थ्य संस्था, एक ग्रामीण अल्ट्रासाउण्ड"** कार्यक्रम क्रमशः विस्तार गरिनेछ। स्थानीय तहमा रहेका बर्थिङ सेन्टरहरूलाई सबलीकरण गर्न र प्रादेशिक अस्पतालहरूमा मातृ तथा नवशिशु स्वास्थ्य सेवा सुदृढीकरण गरिनेछ। यी कार्यहरुका लागि रु. १० करोड विनियोजन गरेको छु।

११७. आयुर्वेद औषधी उत्पादन केन्द्रबाट २१ प्रकारका आयुर्वेद औषधीहरू उत्पादन गरी वितरण गरिनेछ। आयुर्वेद तथा वैकल्पिक चिकित्सालयहरूबाट विशेषज्ञ आयुर्वेद सेवाको विस्तार गर्दै नुवाकोट, मकवानपुर र धादिङ जिल्लामा अन्तरङ्ग सेवा प्रदान गर्न रु. ४ करोड बजेट व्यवस्था गरेको छु।

११८. स्थानीय तहसँगको साझेदारीमा तोकिएका प्रादेशिक अस्पतालहरूमा ट्रमा सेन्टरको विकास गरिनेछ। विपन्न, असहाय, बेवारिसे, विपद्का घाइते लगायतका लक्षित वर्गलाई निःशुल्क स्वास्थ्य सेवा उपलब्ध गराइने छ। सीमान्तकृत, लोपोन्मुख, आश्रममा आश्रित, "ख" वर्गको अपाङ्गता भएका व्यक्ति र महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूको बीमालाई निरन्तरता दिनका लागि रु. ११ करोड विनियोजन गरेको छु।

११९. नेपाल रेडक्रस सोसाइटीसँगको साझेदारीमा गरिब तथा विपन्न नागरिकहरूको लागि निःशुल्क रक्तसञ्चार सेवा तथा रक्तदान प्रोत्साहन कार्यकम सञ्चालनको लागि बजेट व्यवस्था गरेको छु।

१२०. मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानमा एम.डी. र एम.बी.बी.एस. लगायत थप विधामा अध्ययन अध्यापन गराउने व्यवस्था मिलाएको छु। हेटौंडा अस्पताल सहित मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको लागि रु. ३५ करोड विनियोजन गरेको छु। आगामी आर्थिक वर्ष भक्तपुर र सिन्धुली लगायतका अस्पतालहरूमा नर्सिङ्ग विषयको अध्ययन अध्यापन गराउने व्यवस्था मिलाएको छु।

१२१. सार्वजनिक निजी साझेदारीको अवधारणा अनुसार प्रदेश औषधी उत्पादन केन्द्र र ड्रग एण्ड टक्सिकोलोजी केन्द्र स्थापना गर्न, प्रादेशिक अस्पतालहरूमा विशेषज्ञ तथा विशिष्टीकृत आँखा र रोवोटिक्स शल्यक्रियाको लागि रु. १० करोड विनियोजन गरेको छु।

१२२. हेमोफिलियाका बिरामीहरूलाई प्रादेशिक अस्पतालबाट उपचार तथा एन्टिहेमोफेलिक फ्याक्टर निःशुल्क उपलब्ध गराइनेछ। उमेर सापेक्ष विकाससँग सम्बन्धित रोगहरू र आनुवांशिक एवम् जन्मजात स्वास्थ्य समस्याको निःशुल्क परीक्षण र उपचार गरिनेछ। बालबालिकालाई विद्यालयमा श्रवण, दृष्टि, दन्त परीक्षण गर्न र भविष्यमा हुन सक्ने बाथ रोग र मुटु रोगको निःशुल्क स्क्रिनिङ गर्न आवश्यक व्यवस्था मिलाएको छु।

१२३. प्रदेशमा बसोबास गर्ने ६५ वर्ष माथिका विपन्न जेष्ठ नागरिकहरुलाई प्रदान गर्दै आएको दन्त सेवा र दन्त सहायता सामग्री वितरणको कार्यक्रमलाई निरन्तरता दिएको छु। स्थानीय तहका स्वास्थ्य सेवा सञ्चालन तथा सुदृढीकरण सहयोगका लागि वित्तीय हस्तान्तरण मार्फत सशर्त अनुदान उपलब्ध गराएको छु।

१२४. प्रादेशिक अस्पतालहरूमा आँखा सेवा सञ्चालन, मुटु रोग, मस्तिष्क रोग, जलनको उपचार, डायलासिस एवम् कृत्रिम गर्भधारण सम्बन्धी विशेषज्ञ

चिकित्सकीय सेवाको विकास तथा विस्तार गरिनेछ। हेटौंडा र भक्तपुर अस्पतालमा क्याथल्याब सहितको मुटु तथा रक्तनली रोगको उपचार, मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान सहित १२ वटा प्रादेशिक अस्पतालहरुमा मृगौला रोगको डायलासिस गर्ने व्यवस्था मिलाएको छु।

१२५. स्वास्थ्य मन्त्रालयलाई रु. ३ अर्ब ९६ करोड ८८ लाख बजेट व्यवस्था गरेको छु।

## शिक्षा र सामाजिक विकास

१२६. **"आर्थिक समृद्धि र सामाजिक रुपान्तरणका लागि शिक्षित जनता"** भन्ने सोचका साथ क्षमतावान् र उद्यमशील मानव पुँजीको विकासका लागि शिक्षा क्षेत्रलाई आधुनिक र गुणस्तरीय बनाइनेछ।

१२७. स्थानीय तहको साझेदारीमा हाल सञ्चालनमा रहेका सामुदायिक विद्यालयका आवासीय कार्यक्रमलाई निरन्तरता दिइनेछ। लोपोन्मुख र अति सीमान्तकृत समुदायका जिरेल, सुरेल, थामी, चेपाङ, माझी, दनुवार लगायतका बालबालिकाहरूको अनिवार्य तथा निःशुल्क शिक्षामा पहुँच अभिवृद्धि गरी गुणस्तरीय शिक्षाको सुनिश्चितता गरिनेछ।

१२८. स्थानीय तहसँगको सहकार्यमा विद्यालय तहदेखि नै नैतिक शिक्षाको प्रवर्धन गरिनेछ। सामुदायिक माध्यमिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि प्रविधिमैत्री व्यवसायिक शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ।

१२९. सामुदायिक माध्यमिक विद्यालयहरूमा शैक्षिक गुणस्तर अभिवृद्धि गर्न **भीम बहादुर तामाङ शैक्षिक गुणस्तर सुधार कार्यक्रम** सञ्चालनका लागि बजेट व्यवस्था गरेको छु। शून्य दरबन्दी भएका सामुदायिक माध्यमिक विद्यालयहरूलाई दिइँदै आएको अनुदानलाई निरन्तरता दिएको छु।

१३०. स्वरोजगारमूलक र समस्या समाधानमा आधारित अनुसन्धान र नवप्रवर्तनका लागि वैज्ञानिक शिक्षा प्रणालीलाई जोड दिइनेछ। बागमती प्रदेश विश्वविद्यालयको संस्थागत सुदृढीकरण एवम् पूर्वाधार निर्माणमा लगानी गरी उच्चस्तरीय जनशक्ति उत्पादनका लागि शैक्षिक कार्यक्रम सञ्चालन गर्न रु. २५ करोड बजेट व्यवस्था गरेको छु।

१३१. सामुदायिक क्याम्पसमा अध्ययनरत छात्राहरूको लागि प्रदान गर्दै आएको शैक्षिक छात्रवृत्ति र शैक्षिक गुणस्तर अभिवृद्धि कार्यक्रमलाई निरन्तरता दिएको छु।

१३२. विज्ञान तथा प्रविधिको विकासलाई जोड दिँदै बागमती प्रदेशका प्रतिभाहरूको पहिचान तथा क्षमता विकासका लागि प्रदर्शनी एवम् विज्ञान मेलाहरू आयोजना गरिनेछ। सूचना प्रविधिको क्षेत्रमा लगानी विस्तार गरी बागमती प्रदेशलाई सूचना प्रविधि हबको रुपमा विकास गरिनेछ। निजी क्षेत्रको सहकार्यमा काठमाडौंको कीर्तिपुरमा सूचना प्रविधि सिकाइ केन्द्र स्थापनाका लागि अध्ययन गरिनेछ। यी कार्यहरुको लागि रु. ६ करोड विनियोजन गरेको छु।

१३३. जेष्ठ नागरिकको आत्मसम्मान एवम् उनीहरूको ज्ञान, सीप तथा अनुभवको पुस्तान्तरणका लागि जेष्ठ नागरिक हेरचाह केन्द्र एवम् विश्रामस्थल सहितका पूर्वाधारहरूको सुदृढीकरणका लागि रकम विनियोजन गरेको छु।

१३४. अपाङ्गता भएका व्यक्तिहरूको सशक्तीकरणका लागि आयआर्जन र उद्यमशीलतामा जोड दिन र स्थानीय तह मार्फत सञ्चालन गरिने समुदायमा आधारित पुनर्स्थापना कार्यक्रमलाई निरन्तरता दिएको छु।

१३५. **"गृहिणी महिला सशक्तीकरण कार्यक्रम"** लाई आगामी आर्थिक वर्षमा समेत निरन्तरता दिई बागमती प्रदेशभित्रका गृहिणी महिलाको आय आर्जन वृद्धि गरिनेछ। मानव बेचबिखन तथा ओसारपसारबाट पीडित एवम् लैङ्गिक हिंसाबाट प्रभावितहरूको सुरक्षाका लागि उद्धार, राहत, मनोसामाजिक परामर्श र पुनर्स्थापना सम्बन्धी कार्यक्रमलाई निरन्तरता दिएको छु। यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायको सशक्तीकरण एवम् रोजगारमूलक कार्यक्रम सञ्चालनको व्यवस्था मिलाएको छु। यी कार्यक्रमहरूका लागि रु. ३ करोड विनियोजन गरेको छु।

१३६. आमाबाबु विहीन बालबालिकाहरूका लागि स्थानीय तह मार्फत सञ्चालन गर्दै आएको सामाजिक सुरक्षा कार्यक्रमलाई निरन्तरता दिएको छु। बाल अधिकारको कार्यान्वयन गर्न प्रदेश भित्र सञ्चालनमा रहेका बालगृहहरूको अभिलेखीकरण गरिनेछ। स्थानीय तह र गैर सरकारी संस्थासँगको समन्वय र सहकार्यमा सहयोगापेक्षी सडक मानवमुक्त बागमती प्रदेश अभियानका लागि बजेट व्यवस्था गरेको छु।

१३७. सामाजिक विकास मन्त्रालयको लागि कुल बजेट रु. ४ अर्ब ३५ करोड ९७ लाख विनियोजन गरेको छु।

## युवा तथा खेलकुद

१३८. बागमती प्रदेशमा युवा तथा खेल गतिविधिहरूलाई प्रवर्धन गर्न आगामी आर्थिक वर्षमा खेलकुद नीति जारी गरी कार्यान्वयन गरिनेछ। खेलकुद प्रतियोगिताहरूको वार्षिक क्यालेण्डर निर्माण गरी सो अनुसार खेलकुद प्रतियोगिताहरू सञ्चालन गरिनेछ।

१३९. **"स्वास्थ्य तथा अनुशासनको लागि खेलकुद"** भन्ने नाराको साथ खेलकुद पूर्वाधारको विकास र स्तरोन्नतिलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ। खेल प्रतिभाहरूको पहिचान गरी क्षमता विकास गर्दै लगिनेछ। अन्तर्राष्ट्रिय प्रतियोगिताहरूमा उत्कृष्ट खेल प्रदर्शन गर्ने बागमती प्रदेशका खेलाडीहरूको सम्मान एवम् प्रोत्साहनका कार्यक्रमहरूलाई निरन्तरता दिएको छु।

१४०. संघीय सरकारसँगको सहकार्य तथा साझेदारीमा स्मार्ट स्पोर्टस् सिटीको अवधारणा अनुसार ललितपुरको गोदावरीमा अन्तर्राष्ट्रियस्तरको बहुउद्देश्यीय रंगशाला निर्माण कार्य अगाडि बढाउन रु. ९ करोड विनियोजन गरेको छु।

१४१. आगामी आर्थिक वर्षमा मकवानपुरको गौरिटारमा निर्माणाधीन अन्तर्राष्ट्रिय खेलकुद रंगशाला र दोलखामा भिमेश्वर बहुउद्देश्यीय रंगशाला निर्माण कार्य सम्पन्न गरिनेछ। बागमती प्रदेश सरकार र भरतपुर महानगरपालिकाको सहलगानीमा निर्माण भइरहेको अन्तर्राष्ट्रिय क्रिकेट रंगशालाको लागि रु. ९ करोड विनियोजन गरेको छु।

१४२. स्वास्थ्य, खेलकुद र पर्यटनलाई एक आपसमा जोड्न आगामी आर्थिक वर्षबाटै चितवन, मकवानपुर, ललितपुर र नुवाकोटमा विद्यालयस्तरमा खेलुकद र स्वास्थ्य सम्बन्धी सचेतना कार्यक्रम अभियानको रुपमा सञ्चालन गरिनेछ।

१४३. प्रदेशमा हुने प्रदेशस्तरीय तथा राष्ट्रियस्तरका खेलकुदका कार्यक्रमहरूलाई व्यवस्थित रुपमा सञ्चालन गरिनेछ। फरक क्षमता भएका व्यक्तिहरूको लागि पारा खेलकुद प्रतियोगिता, तेस्रो बागमती प्रदेश स्तरीय खेलकुद प्रतियोगिता, दशौं राष्ट्रिय खेलकुद प्रतियोगिता, राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता जस्ता खेल प्रतियोगिताहरू सञ्चालन गर्न स्रोतको अभाव नहुने गरी आवश्यक व्यवस्था मिलाएको छु।

१४४. खेल क्षेत्रको विकासका लागि सूचना केन्द्र तथा डिजिटल स्पोर्टस् लाइब्रेरी स्थापना गरी सञ्चालनमा ल्याइने छ। आइस हकी र पर्वतीय तथा साहसिक खेल प्रतियोगिताहरूलाई उच्च प्राथमिकताका साथ प्रोत्साहित गर्दै लगिनेछ। **एक निर्वाचन क्षेत्र, एक बहुउद्देश्यीय खेलमैदान कार्यक्रम** आगामी आर्थिक वर्षदेखि कार्यान्वयनमा ल्याइनेछ।

१४५. **"युवाको सर्वाङ्गीण विकास, राष्ट्र निर्माणको आधार"** अभियान अन्तर्गत मुख्यमन्त्रीसँग युवा लक्षित कार्यक्रमलाई आगामी आर्थिक वर्षमा समेत निरन्तरता दिएको छु। यस अन्तर्गत आत्मरक्षा, नेतृत्व विकास, लागु पदार्थ दुर्व्यसन विरुद्ध युवा कार्यक्रमहरू सञ्चालन गरिनेछ।

१४६. युवा तथा खेलकुद मन्त्रालयको लागि रु. १ अर्ब १६ करोड विनियोजन गरेको छु।

## सडक, भवन र सहरी पूर्वाधार

१४७. प्रादेशिक सडक यातायात गुरुयोजनालाई आवश्यकता र प्राथमिकताका आधारमा परिमार्जन गरिनेछ। स्थानीय तहका केन्द्र तथा उदीयमान बजार केन्द्रहरू जोड्ने प्रादेशिक सडक यातायात गुरुयोजनाका सडक, प्रादेशिक लोकमार्ग र अन्य महत्वपूर्ण सडकहरूको विकास र विस्तार गर्न रु. १४ अर्ब ६३ करोड विनियोजन गरेको छु।

१४८. **"नियमित मर्मत सम्भारः दिगो सडकको आधार"** अन्तर्गत बागमती प्रदेश सरकारबाट निर्मित सडक तथा पुलहरूको नियमित मर्मत सम्भार गर्ने कार्यलाई निरन्तरता दिँदै विपद्बाट क्षति पुगेका सडक पूर्वाधारको मर्मत र पुनःस्थापना कार्यहरूका लागि बजेट व्यवस्था गरेको छु।

१४९. गुणस्तरीय पूर्वाधारहरूको निर्माणका लागि **पूर्वाधार गुणस्तर प्रयोगशाला** निर्माण गरिनेछ। प्रदेश भित्रका सडक, सडकपुलहरू र झोलुङ्गे पुलहरूको निर्माण र स्तरोन्नतिका कार्यक्रमहरूलाई निरन्तरता दिइने छ। आगामी आर्थिक वर्षमा बागमती प्रदेशमा सडकका नयाँ ट्र्याकहरू खोल्ने कार्यलाई निरुत्साहित गरिनेछ।

१५०. स्थानीय मौलिकता र वास्तुकलाको संरक्षणमा जोड दिँदै भवन निर्माण क्षेत्रलाई व्यवस्थित बनाउन बागमती प्रदेश सरकारबाट निर्माण हुने सम्पूर्ण सरकारी भवनहरू **एकद्वार प्रणाली**बाट निर्माण गरिनेछ। प्रदेश सरकारबाट निर्माणाधीन अधुरा भवनहरू प्राथमिकताको आधारमा निर्माण सम्पन्न गरी प्रयोगमा ल्याउन बजेट विनियोजन गरेको छु।

१५१. **"विपन्न मैत्री पूर्वाधारः ग्रामीण विकासको आधार"** अन्तर्गत जनता आवास कार्यक्रम, खरको छाना उन्मूलन कार्यक्रम र मानव विकास सूचकाङ्कमा पछाडि परेका जिल्लाहरूका स्थानीय तहमा सडक सञ्जालको विकासलाई निरन्तरता दिइनेछ।

१५२. **"एकीकृत बस्ती, समृद्ध शहरको नीति"** अन्तर्गत दिगो आर्थिक वृद्धिका लागि भौतिक पूर्वाधारका क्षेत्रमा सार्वजनिक तथा निजी लगानीलाई प्रवर्धन गरिनेछ। एकीकृत बस्ती विकास गुरुयोजना तर्जुमा गरी उदीयमान सहर र स्थानीय तहका केन्द्रहरूमा व्यवस्थित सहरी पूर्वाधार निर्माणको लागि रकम विनियोजन गरेको छु।

१५३. धार्मिक पर्यटन प्रवर्धन र व्यापार केन्द्रहरूको विकासका लागि बागमती प्रदेशलाई प्रदेश स्थित ऐतिहासिक ६४ शिवलिङ्गको बृहत् बागमती परिक्रमा यात्रा सुनिश्चित गर्न **"बागमती प्रदेश शिव सर्किट परियोजना"** को विस्तृत अध्ययन गरी निर्माण कार्य अगाडि बढाइनेछ।

१५४. भौतिक पूर्वाधार विकास मन्त्रालयको लागि रु. २४ अर्ब ८० करोड १९ लाख विनियोजन गरेको छु।

## खानेपानी, ऊर्जा तथा सिंचाइ

१५५. **"एक घर एक धारा, पूर्ण सरसफाइ हाम्रो अभिभारा"** अभियानलाई निरन्तरता दिंदै आधारभूत खानेपानी सेवाको विस्तारका लागि साना तथा मझौला खानेपानी आयोजनाहरूको कार्यान्वयन गरिनेछ।

१५६. आगामी आर्थिक वर्षमा **नगरकोट नाल्दुम खानेपानी योजना काभ्रेपलाञ्चोक र सिमलटार थानाभन्याङ खानेपानी योजना मकवानपुर** लगायतका ३५० वटा खानेपानी योजना सम्पन्न गरी २० हजार घरधुरीमा नयाँ धारा जडानसहित १ लाख १० हजार जनसंख्यालाई खानेपानी सेवा सुधार तथा विस्तार गर्न रु. ४ करोड बजेट व्यवस्था गरेको छु।

१५७. प्रदेश भित्रका सुख्खाग्रस्त क्षेत्रहरूमा खानेपानी र सिंचाइ सम्बन्धी विशेष प्रकृतिका लिफ्ट आयोजनाहरू सञ्चालन गरिनेछ। पानीको स्रोतको संरक्षण गर्न खानेपानीका मुहान, ऐतिहासिक ढुङ्गेधारा, इनार र भूमिगत जल पुनर्भरण कार्यक्रम सञ्चालन गरिनेछ। खानेपानी गुणस्तर सुधारका योजना सञ्चालनका लागि बजेट व्यवस्था गरेको छु।

१५८. बढ्दो शहरीकरणसँगै अव्यवस्थित ढल प्रणालीलाई व्यवस्थित गर्न प्राथमिकताका आधारमा ढल निर्माण कार्यक्रम सञ्चालन गरिनेछ। आगामी आर्थिक वर्षमा करिब ७ किलोमिटर ढल निर्माण सम्पन्न गर्ने लक्ष्य सहित ढल आयोजना सञ्चालन गर्न बजेट व्यवस्था गरेको छु।

१५९. **"खाद्य सुरक्षाको लागि उत्पादन, उत्पादनका लागि सिंचाइ"** को मर्म अनुरुप सिंचाइ योजनाहरूको कार्यान्वयनलाई निरन्तरता दिइनेछ। प्रदेश भित्रका

कृषियोग्य भूमिमा बाह्रै महिना सिंचाइ सुविधा पुऱ्याउन मझौला सिंचाइ आयोजना तथा नयाँ प्रविधिमा आधारित सिंचाइ आयोजनाहरू कार्यन्वयन गर्न रु. ३ अर्ब ८३ करोड विनियोजन गरेको छु।

१६०. आगामी आर्थिक वर्षमा **प्रतापपुर-माउकुलो सबलीकरण राप्ती** र **पोखराखोला-छांगटार सिंचाइ योजना महाभारत** लगायतका ३२५ वटा सिंचाइ योजना सम्पन्न गरी करिब १ हजार ८ सय हेक्टर सिंचित क्षेत्र विस्तार तथा १५ हजार हेक्टर सिञ्चित क्षेत्र सुधार गर्न बजेट व्यवस्था गरेको छु।

१६१. **"पहाडका गह्राः सधैं हराभरा"** हुने गरी लिफ्ट सिंचाइ लगायत नयाँ प्रविधिमा आधारित सिंचाइ प्रणालीको विकासलाई निरन्तरता दिइनेछ। परम्परागत राजकुलो, तालतलैया र पोखरी संरक्षण तथा पुनर्स्थापना गरी जलस्रोत व्यवस्थापन तथा सिंचाइ सेवा उपलब्ध गराइनेछ। भूमिगत जलस्रोतको प्रयोग गरी सिंचाइ क्षेत्रको विकासका लागि स्यालो तथा डिप ट्युबवेल सिंचाइ आयोजनाहरूको कार्यान्वयन गर्न बजेट व्यवस्था गरेको छु।

१६२. विद्यमान सिंचाइ संरचनाहरूको मर्मत सम्भार गरी पूर्ण क्षमतामा सञ्चालन गरिनेछ। आगामी आर्थिक वर्षमा ८ हजार ६ सय हेक्टर सिञ्चित क्षेत्र रहेको चितवनको नारायणी लिफ्ट तथा खगेरी सिंचाइ आयोजनाको प्रभावकारी रुपमा सञ्चालन तथा व्यवस्थापनका लागि रकम विनियोजन गरेको छु।

१६३. निर्माण सम्पन्न भएका खानेपानी तथा सिंचाइ योजनाहरूको सालवसाली मर्मत सम्भारको निम्ति उपभोक्तालाई समेत जिम्मेवार बनाउने नीति लिइनेछ। विपद्‌बाट क्षति पुगेका खानेपानी, सिंचाइ तथा तटबन्धका संरचनाहरूको मर्मत तथा पुननिर्माण कार्य प्राथमिकताका साथ अगाडि बढाउन रकम विनियोजन गरेको छु।

१६४. जलस्रोतको व्यवस्थापन गरी पर्यटन क्षेत्रको प्रवर्धन गर्न बनेपा स्थित **हिले जलजले पर्यटकीय ताल**, भरतपुर स्थित **पुंगी तलाउ ड्याम** र अन्य योजनाहरू द्रुत गतिमा निर्माण कार्य अगाडि बढाउन बजेट व्यवस्था गरेको छु।

१६५. जलवायु परिवर्तन, जलउत्पन्न विपद् तथा नदी कटानका कारण जोखिममा रहेका मानव बस्ती तथा कृषियोग्य जमिनको संरक्षण गर्न तटबन्ध निर्माण कार्यलाई निरन्तरता दिइनेछ। गुरुयोजना तयार भएका रोशी, तादी, राप्ती, बकैया, रिउ नदीहरूमा तटबन्धन लगायत अन्य खोला तथा पहिरो व्यवस्थापन हुने गरी २५ किलोमिटर तटबन्धन निर्माण सम्पन्न गर्न बजेट छुट्याएको छु।

१६६. प्रदेशको विकास र आम्दानीमा महत्वपूर्ण योगदान पुऱ्याउने ऊर्जा तथा विद्युत् क्षेत्रको विकासलाई अगाडि बढाउन कानुन निर्माण गरी कार्यान्वयन गरिनेछ।

१६७. खानेपानी, ऊर्जा तथा सिंचाइ मन्त्रालयको लागि रु. ७ अर्ब २८ करोड ७१ लाख विनियोजन गरेको छु।

## कानुन, सञ्चार, शान्ति सुरक्षा र विपद् व्यवस्थापन

१६८. **"उत्थानशील प्रदेश निर्माणका लागि विपद् जोखिम न्यूनीकरणमा लगानी"** भन्ने नारालाई आत्मसात् गर्दै विपद् पूर्वतयारीमा जोड दिइनेछ। खोज तथा उद्धार र राहत लगायतका कार्यहरूको प्रभावकारी व्यवस्थापनका लागि प्रदेश आपतकालीन कार्यसञ्चालन केन्द्रलाई प्रविधिमैत्री बनाउन र स्थानीय तहका विपद् गोदामघर तथा आपतकालीन कार्यसञ्चालन केन्द्रहरूको स्तरोन्नतिका लागि बजेट व्यवस्था गरेको छु।

१६९. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनलाई अध्ययन तथा अनुसन्धानमा आधारित बनाइ बहुप्रकोप पूर्वसूचना प्रणालीको जडान तथा सञ्चालन गरिनेछ। विपद् सचेतना सम्बन्धी सूचना तथा सन्देश प्रशारणका साथै विद्यालय तथा समुदायस्तरमा सचेतनामूलक कार्य सञ्चालन गर्नका लागि रकम विनियोजन गरेको छु।

१७०. विपद् व्यवस्थापनका लागि विपद् सम्बद्ध व्यक्तिहरू र सुरक्षाकर्मीहरूको क्षमता विकास गरी सुरक्षा निकायसँगको समन्वयमा स्वयंसेवक समूहको गठन, परिचालन र क्षमता विकास सम्बन्धी कार्य गर्न रकम विनियोजन गरेको छु।

१७१. विपद् पूर्वतयारी, खोज, उद्धार, प्रतिकार्य, राहत तथा पुनर्स्थापना कार्यका लागि प्रदेश विपद् व्यवस्थापन कोषमा रु. १० करोड विनियोजन गरेको छु।

१७२. बागमती प्रदेश प्रहरी अस्पताल तथा प्रहरी कार्यालयका निर्माणाधीन भौतिक संरचना निर्माण कार्यलाई पूर्णता दिइनेछ। प्रहरी कर्मचारीको कार्यसम्पादनलाई प्रभावकारी बनाउनको लागि प्रहरी कार्यालयका नयाँ संरचना निर्माण गर्न र सशस्त्र प्रहरी बलको निर्मित भवनको संरचनात्मक सुधार समेतका कार्यहरूको लागि रु. १२ करोड ३९ लाख छुट्याएको छु।

१७३. सुरक्षा संवेदनशीलतालाई प्राथमिकता दिई संवेदनशील स्थानहरूमा आधुनिक प्रविधियुक्त सुरक्षा सामग्रीको जडान गरिनेछ। तहगत सरकारसँगको सहकार्यमा अत्याधुनिक प्रविधियुक्त सुरक्षा जाँच चौकी निर्माण गरिनेछ। अपराध अनुसन्धानमा सहयोगी डिजिटल फरेन्सिक ल्याव, कारागार र बालसुधार गृह सुदृढीकरण गरिनेछ।

१७४. बागमती प्रदेशमा लागुऔषध बेचबिखन, ओसारपसार र सेवनलाई निरुत्साहित गर्न जोड दिँदै पुनर्स्थापना केन्द्रमा रहेका दुर्व्यसनीहरूका लागि सामाजिक पुनःएकीकरण कार्यक्रम  सञ्चालन गरिनेछ।

१७५. स्थानीय तहमा न्यायिक कार्य सम्पादनलाई सहज र सबल बनाउन प्रदेश सरकारबाट पचास प्रतिशत र गाउँपालिकाबाट पचास प्रतिशत व्यहोर्ने गरी स्थानीय तहमा न्यायिक सहजकर्ता कार्यक्रमलाई निरन्तरता दिन बजेट व्यवस्था गरेको छु।

१७६. प्रदेश सभाका विषयगत समितिहरूलाई कानुन निर्माणमा सक्षम बनाइने छ। प्रदेशमा निर्माण भएका कानुनहरूको कार्यान्वयन स्थिति, कानुन निर्माणका लागि कर्मचारीको क्षमता विकास र विद्यालयस्तरमा कानुन सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।

१७७. प्रदेशस्तरको सूचना तथा तथ्याङ्कहरूको संकलन गरी अद्यावधिक गर्न डाटा सुरक्षाका लागि प्रदेशको डाटा सर्भर खरिद, जडान तथा सञ्चालनका लागि रकम विनियोजन गरेको छु।

१७८. **"समुन्नत समाजका लागि सूचना तथा सञ्चार"** भन्ने अवधारणालाई आत्मसात् गर्दै सञ्चार क्षेत्रको विकास र समृद्धिको लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ। श्रमजीवी पत्रकार तथा सञ्चारकर्मीहरूको क्षमता विकासका लागि बजेट व्यवस्था गरेको छु।

१७९. प्रदेशसँग सम्बन्धित विषयमा मौलिक चलचित्र, वृत्तचित्र र लघु चलचित्र निर्माण गरी नेपालको बहुसंस्कृति पहिचान गर्ने कार्यलाई प्रोत्साहन र प्रवर्धन गरिनेछ।

१८०. मुख्य न्यायाधिवक्ताको कार्यालयलाई स्रोत साधन र जनशक्तिमा सक्षम बनाई मुद्दाको प्रतिरक्षालाई प्रभावकारी बनाइनेछ। प्रदेशमा रहेका कारागारलाई भौतिक र प्राविधिक रुपमा स्तरोन्नति गरिनेछ। कारगारमा कैद भुक्तान गरिरहेका कैदीबन्दीहरूलाई सिपमूलक तालिम सञ्चालन गरिनेछ।

१८१. स्थानीय तहका न्यायिक समितिको क्षमता अभिवृद्धि र समुदायमा कानुनी साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ।

१८२. आन्तरिक मामिला तथा कानुन मन्त्रालयको लागि रु. ६२ करोड ११ लाख विनियोजन गरेको छु।

## सुशासन र सार्वजनिक सेवा

१८३. भ्रष्टाचारविरूद्ध शून्य सहनशीलताको नीति लिइनेछ। प्रदेश सरकारको सेवा प्रवाहलाई व्यवस्थित, मितव्ययी र प्रभावकारी बनाइनेछ। प्रशासनिक सुधार एवम् गतिशीलताका लागि डिजिटल ट्रान्सफर्मेशन कार्ययोजना तयार गरी चरणबद्ध रुपमा कार्यान्वयन गरिनेछ।

१८४. तहगत अन्तरसम्बन्धलाई मजबुत बनाउन प्रदेश तथा स्थानीय शासन सबलीकरण तथा स्थानीय तहमा नवप्रवर्तन प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिने प्रबन्ध मिलाएको छु।

१८५. मानव विकास सूचकाङ्कमा पछाडि परेका प्रदेशका सबै जिल्लाका स्थानीय तहका वडामा सामाजिक आर्थिक विकासका लागि स्थानीय तहसँगको लागत साझेदारीमा सञ्चालित **नमूना वडा समाजवादी कार्यक्रम**लाई निरन्तरता दिएको छु।

१८६. जिल्ला समन्वय समितिको जिम्मेवारी क्षेत्रभित्र रहेका विकास निर्माण कार्यको अनुगमन, मूल्याङ्कन तथा सहजीकरण र जिल्ला समन्वय समितिको

कार्यालय सुदृढीकरण कार्यक्रमलाई निरन्तरता दिन रकम विनियोजन गरेको छु।

१८७. प्रदेश सुशासन केन्द्रबाट प्रदेश र स्थानीय तहका जनप्रतिनिधि, पदाधिकारी र कर्मचारीहरूको क्षमता अभिवृद्धिका कार्यक्रमहरू सञ्चालनका लागि बजेट व्यवस्था गरेको छु।

१८८. प्रदेश किताबखानाको संस्थागत सुदृढीकरण गरी प्रदेश र स्थानीय तहका कर्मचारीहरुको वैयक्तिक अभिलेख प्रणालीलाई व्यवस्थित गरिनेछ। प्रदेशका नीति तथा कानुनहरूको संघीय नीति तथा कानुनसँगको तादात्म्यताका सम्बन्धमा अध्ययन गरिनेछ।

१८९. सार्वजनिक सेवा प्रवाहमा गुणस्तरीयता ल्याउन सूचना प्रविधिको उच्चतम प्रयोग गरिनेछ। प्रदेश सरकारको प्रशासनिक तथा अनुगमन कार्यलाई विद्युतीय प्रणालीमा आधारित बनाइने छ।

१९०. प्रदेश सरकार अन्तर्गतका निकायहरुबाट सञ्चालन हुने सीप विकाससँग सम्बन्धित तालिमहरुमा दोहोरोपना हुन नदिइ तालिमको प्रभावकारिता कायम गर्न यस्ता तालिम कार्यक्रमहरुलाई आगामी आर्थिक वर्षदेखि एकद्वार प्रणालीबाट सञ्चालन गरिनेछ।

१९१. प्रदेश संरचना अन्तर्गत स्थापना भएका प्रदेश युवा परिषद् र प्रदेश खेलकुद विकास परिषद्लाई गाभी प्रदेश युवा तथा खेलकुद विकास परिषद् बनाइनेछ। प्रदेश दुग्ध विकास बोर्ड, प्रदेश सहकारी विकास बोर्ड र अन्य अनावश्यक संरचनाहरू खारेज गरिनेछ।

१९२. प्रदेशमा लगानी प्राथमिकताका क्षेत्रहरू पहिचान गरी त्यस्ता क्षेत्रहरूमा आधारित आयोजना तथा कार्यक्रमहरू कार्यान्वयन गर्न सार्वजनिक निजी

साझेदारी मार्फत पुँजी परिचालन गर्ने नीति लिइनेछ। आगामी आर्थिक वर्षमा लगानी सम्मेलन गरी स्वदेशी तथा विदेशी लगानीकर्ताहरूलाई प्रदेशका सम्भाव्य क्षेत्रहरूमा लगानी गर्न आकर्षित गरिनेछ।

१९३. प्रदेश सरकार अन्तर्गतका निकाय र स्थानीय तहमा योग्य, सक्षम र प्रतिस्पर्धी जनशक्ति छनौट गर्न विद्यमान पाठ्यक्रममा समय सापेक्ष सुधार गर्दै लगिनेछ। जनशक्ति छनौट प्रक्रियामा आधुनिक प्रविधिको उपयोग गरिनेछ।

१९४. नेपाल सरकारले राष्ट्र सेवकहरूका लागि संवत् २०८२ साउन १ गतेदेखि लागु हुने गरी कायम गरेको मासिक रु. ५ हजार महङ्गी भत्ता बागमती प्रदेश सरकार अन्तर्गत स्वीकृत दरबन्दीमा कार्यरत सम्पूर्ण कर्मचारीहरूलाई उपलब्ध गराउने व्यवस्था मिलाएको छु।

१९५. बागमती प्रदेश सरकारको स्वीकृत दरबन्दी भित्र करार सेवामा कार्यरत कर्मचारीलाई योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रममा आबद्ध गरिनेछ। यसका लागि रोजगारदाता र योगदानकर्ताबाट दश-दश प्रतिशत योगदान सहितको नेपाल सरकारले बनाउने प्याकेज बमोजिम कार्यान्वयन गरिने व्यवस्था मिलाइने छ।

## अर्थ, नीति तथा योजना

१९६. प्रदेश नीति तथा योजना आयोगलाई सक्षम, सबल र गतिशील संस्थाको रुपमा विकास गर्न अध्ययन अनुसन्धानका लागि बजेट व्यवस्था गरेको छु।

१९७. आयोजना बैंक व्यवस्थापन सूचना प्रणालीको प्रभावकारी सञ्चालनका लागि योजना अनुगमन सूचना प्रणालीको स्थापना गरिनेछ। प्रदेश सरकारबाट सम्पन्न भएका आयोजना तथा कार्यक्रमको अनुगमन मूल्याङ्कन र प्रगति मापनलाई यस प्रणाली मार्फत व्यवस्थित गरिने छ।

१९८. बागमती प्रदेश सरकारको विकास तथा योजना कार्यान्वयनलाई प्रभावकारी बनाउन प्रदेशको आर्थिक, सामाजिक, भौगोलिक अवस्था झल्किने तथ्याङ्क प्रणालीको विकास गरिनेछ।

१९९. संघीय सरकार, स्थानीय तह, वित्तीय संस्थाहरूसँगको सहकार्यमा वित्तीय साक्षरता र वित्तीय पहुँच अभिवृद्धि गर्न आवश्यक कार्यक्रमहरू सञ्चालन गरिनेछ।

**माननीय सभामुख महोदय,**

अब म माथि उल्लेख गरेका क्षेत्रगत नीति तथा कार्यक्रमका लागि गरेको विनियोजन र स्रोतगत अनुमान प्रस्तुत गर्ने अनुमति चाहन्छु।

२००. आगामी आर्थिक वर्षको लागि प्रस्तावित कार्यक्रम कार्यान्वयन गर्न रु. ६७ अर्ब ४७ करोड ७३ लाख २७ हजार विनियोजन गरेको छु। कुल विनियोजन मध्ये चालुतर्फ रु. २६ अर्ब ४ करोड ४६ लाख ९१ हजार र पुँजीगततर्फ रु. ४१ अर्ब ४३ करोड २६ लाख ३६ हजार विनियोजन गरेको छु। कुल विनियोजन मध्ये चालुतर्फ ३८.६० प्रतिशत, पुँजीगततर्फ ६१.४० प्रतिशत रहेको छ।

२०१. आगामी आर्थिक वर्षको खर्च व्यहोर्ने स्रोत मध्ये कर राजस्वबाट रु. २८ अर्ब ८७ करोड ८२ लाख १ हजार, अन्य राजस्वबाट रु. ६ अर्ब ७९ करोड ४ लाख १३ हजार, संघीय वित्तीय हस्तान्तरणबाट रु. १४ अर्ब ८१ करोड ९३ लाख, चालु आर्थिक वर्षको अनुमानित सञ्चित कोषको बचत र विविध प्राप्तिबाट रु. १६ अर्ब ९८ करोड ९४ लाख १३ हजार व्यहोरिने अनुमान गरिएको छ।

**माननीय सभामुख महोदय,**

अब म आगामी आर्थिक वर्ष २०८२/८३ का लागि राजस्व सम्बन्धी नीति तथा कार्यक्रम प्रस्ताव प्रस्तुत गर्ने अनुमति चाहन्छु।

२०२. प्रदेशमा निरन्तर बढिरहेको सार्वजनिक खर्चको स्रोत व्यवस्थापन गर्न संघीय राजस्व नीतिसँग सामञ्जस्यता कायम हुने गरी प्रादेशिक राजस्व नीति तर्जुमा गरी कार्यान्वय गरिनेछ।

२०३. प्रदेशको क्षेत्राधिकारमा रहेका करहरूसँग सम्बन्धित कानुनमा सामयिक सुधार र सरलीकरण गरी कर संकलनलाई प्रभावकारी बनाइनेछ। प्रदेशका राजस्व संकलन गर्ने निकायहरूको प्रशासनिक दक्षता अभिवृद्धि गरी राजस्व चुहावटलाई नियन्त्रण गरिनेछ।

२०४. प्रदेशको प्रमुख स्रोतको रुपमा रहेको गैरकर राजस्वलाई प्राकृतिक स्रोत साधनको दिगो उपयोग र सार्वजनिक सेवा प्रवाहको लागत प्रभावी हुने गरी परिचालन गरिनेछ। गैरकरसँग सम्बन्धित विषयगत कानुनहरू संशोधन गरी गैरकर राजस्वका दरहरू सामयिक बनाइनेछ।

२०५. मूल्य अभिवृद्धि कर र अन्तःशुल्कबाट संघीय सरकारले संकलन गरेको राजस्वको हिस्सा राजस्व बाँडफाँट वापत प्रदेश संचित कोषमा समेत दाखिला हुने कानुनी व्यवस्था रहेको छ। प्रदेश सरकारलाई यसबाट उल्लेख्य राजस्व प्राप्त हुने भएकोले यस क्षेत्रमा संकलन हुने राजस्व वृद्धि गर्न प्रदेशभित्रको आर्थिक गतिविधि विस्तार गर्ने क्षेत्रमा लगानी गर्ने नीति लिइनेछ।

२०६. प्रदेशको आन्तरिक आयलाई दिगो र भरपर्दो बनाउन आय परिचालनका थप क्षेत्रहरू पहिचान गरिनेछ। कृषि, वन, पर्यटन र सूचना प्रविधि क्षेत्रको

विकास र विस्तारमा थप लगानी गरी उत्पादन र उत्पादकत्व बढाउँदै प्रदेशको आन्तरिक आय वृद्धि गरिनेछ।

२०७. प्रदेशको पूर्ण वा सहलगानीमा निर्माण भई स्थानीय तहलाई हस्तान्तरण हुने आयोजना/परियोजना निर्माणलाई प्राथमिकता दिई त्यस्ता परियोजनाबाट भएको आयको निश्चित प्रतिशत प्रदेशले प्राप्त गर्ने नीति लिइनेछ।

२०८. प्रदेशको अधिकार क्षेत्रभित्रका केही करका दरहरूमा सामान्य परिवर्तन गरी अधिकांश करका दरहरू यथावत राखेको छु। प्रदेश सरकारको राजस्व संकलनमा रहेका केही कानुनी अड्चन तथा अस्पष्टतालाई संघीय सरकार र स्थानीय तहसँग समन्वय गरी स्पष्ट गरिनेछ।

२०९. प्रदेश राजस्व परामर्श समितिको सुझावका आधारमा घरजग्गा रजिष्ट्रेसन शुल्कलाई यथावत् राखी विज्ञापन कर, मनोरञ्जन कर, सवारी साधन कर, व्यवसाय दर्ता तथा नवीकरण दस्तुर र अन्य सेवा शुल्कमा सामयिक परिवर्तन गरेको छु।

२१०. मनोरञ्जनका लागि प्रयोग हुने सांस्कृतिक प्रदर्शन हल, कन्सर्ट, थिएटर/नाटकघर, दोहोरी साँझ, डान्सबार, नाइट क्लब, क्यासिनो, पार्क, फुटसल, स्वीमिङ पुल, जिपलाइन, स्वीङ, आकाशे सिसाको पुल, बन्जी जम्प लगायतका क्षेत्रमा लगाइँदै आएको मनोरञ्जन करका दरलाई सामान्य परिमार्जन गरी दायरालाई थप विस्तार गरेको छु।

२११. प्रदेश सरकार मातहतका अस्पताल र जिल्ला आयुर्वेद तथा वैकल्पिक चिकित्सालय लगायतका स्वास्थ्य संस्थाहरूबाट उपलब्ध गराइने सेवाबाट संकलन हुने सेवा शुल्क प्रदेश सञ्चित कोषमा दाखिला हुने व्यवस्था मिलाइनेछ।

**माननीय सभामुख महोदय,**

अब म आगामी आर्थिक वर्षका लागि राजस्व सम्बन्धी छुट, सुविधा र सहुलियत प्रस्तुत गर्ने अनुमति चाहन्छु।

२१२. महिला, अपाङ्गता भएका व्यक्ति, द्वन्द्व पीडित, दलित, अल्पसंख्यक वा लोपोन्मुख समुदायका व्यक्तिले प्राइभेट फर्म रजिष्ट्रेसन गर्न चाहेमा त्यस्तो फर्म रजिष्ट्रेसन गर्दा प्रचलित प्रदेश कानुन बमोजिम लाग्ने दस्तुरमा पचहत्तर प्रतिशत छुट दिइनेछ।

२१३. व्यावसायिक फर्म दर्ता गरी नवीकरण नगरेका उद्योग, फर्म र व्यवसायले संवत् २०८३ जेठ मसान्तसम्म आर्थिक वर्ष २०८१/८२ मा लाग्ने नवीकरण शुल्क दाखिला गरी नवीकरण गरेमा आर्थिक वर्ष २०८०/८१ भन्दा अगाडिका आर्थिक वर्षहरूमा लाग्ने जरिबाना छुट गरिनेछ।

२१४. आर्थिक वर्ष २०८१/८२ सम्म प्रचलित कानुन अनुसार सवारी साधन कर नबुझाएका र सवारी साधन दर्ताको प्रमाणपत्र नवीकरण नगरेका सवारी धनीले पछिल्लो तीन आर्थिक वर्षको सवारी साधन कर तथा नवीकरण दस्तुर संवत् २०८३ जेठ मसान्तसम्म बुझाएमा सोभन्दा अगाडिका आर्थिक वर्षहरूमा लाग्ने सवारी साधन कर तथा नवीकरण दस्तुर र जरिबानमा छुट गरिनेछ।

२१५. नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह र मातहतका निकायहरूको स्वामित्वमा रहेका मर्मत सम्भार गरी प्रयोगमा ल्याउन नसकिने सवारी साधनहरूको हकमा सम्बन्धित सवारी साधन दर्ता भएका कार्यालयले यातायात व्यवस्था हेर्ने मन्त्रालयको स्वीकृतिमा तिर्नु बुझाउनु पर्ने राजस्व बाँकी भए सो समेत मिनाहा दिई सम्बन्धित सवारी साधन दर्ता रहेको कार्यालयले लगतकट्टा गरी स्वामित्व रहेको कार्यालयबाट लिलाम बिक्री गर्ने व्यवस्था मिलाएको छु।

२१६. बागमती प्रदेशभित्र दर्ता भएका बिस वर्ष वा सो भन्दा पुराना सार्वजनिक सवारी साधनका सवारी धनीले आफ्नो सवारी साधनको दर्ता खारेज गर्ने उद्देश्यले संवत् २०८३ जेठ मसान्तसम्म बिस वर्षसम्मको तिर्न बुझाउन बाँकी सवारी साधन कर तथा नवीकरण दस्तुर बुझाएमा सो बापत लाग्ने जरिबाना रकममा सत प्रतिशत छुट दिइनेछ।

२१७. प्रचलित कानुन अनुसार दर्ता भई नवीकरण नगरेका यातायात सेवासँग सम्बन्धित प्रशिक्षण केन्द्र, कारखाना, वर्कसप र रिकन्डिसन हाउस लगायतका व्यवसायीहरूले पछिल्लो अवधीको नवीकरण दस्तुर संवत् २०८३ जेठ मसान्तसम्म बुझाएमा सोभन्दा अगाडिका अवधीमा लाग्ने नवीकरण दस्तुर र जरिबानामा सत प्रतिशत छुट दिइनेछ।

२१८. स्वदेशी लगानीका जलविद्युत आयोजना, चिया खेती, कफी खेती, कपास खेती, पुष्प व्यवसाय, तरकारी खेती, पशुपन्छीपालन, डेरी, अलैंची खेती, जडीवुटी खेती एवम् फलफूल उद्योगको नाममा खरीद गर्ने जग्गाको लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेसन दस्तुरमा पचास प्रतिशत छुट दिइनेछ।

२१९. स्वदेशी लगानीका सूर्ती, गुड्खा, पानपराग र मदिराजन्य उद्योग बाहेकका उत्पादनमूलक उद्योगले उद्योग स्थापना तथा सञ्चालन गर्न उद्योगको नाममा खरीद गर्ने जग्गाको लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेसन शुल्कमा पचास प्रतिशत छुट दिइनेछ।

२२०. तीन सय जनाभन्दा बढी व्यक्तिलाई प्रत्यक्ष रोजगारी दिने उत्पादनमूलक उद्योग स्थापना गर्न वा विस्तार गर्नका लागि जग्गा खरिद गर्दा लाग्ने रजिष्ट्रेसन शुल्कको लिखतमा पचास प्रतिशत छुट दिने व्यवस्था मिलाएको छु।

**माननीय सभामुख महोदय,**

आर्थिक वर्ष २०८०/८१ को यथार्थ खर्च, चालु आर्थिक वर्ष २०८१/८२ को संशोधित अनुमान र आर्थिक वर्ष २०८२/८३ को शीर्षकगत र स्रोत सहितको आय-व्यय अनुमान यसै साथ पेश गरेको छु। अनुमानित आय-व्ययको विवरण अनुसूचीमा उल्लेख गरेको छु।

२२१. उल्लिखित कार्यक्रमहरूको कार्यान्वयनबाट प्रदेशको आर्थिक विकासमा टेवा पुग्न गई प्रदेशका नागरिकहरूको जीवनस्तरमा सुधार हुनेछ भन्ने विश्वाश लिएको छु। साथै प्रस्तुत बजेट तथा कार्यक्रमले नेपाल सरकारले लिएको उच्च, दिगो एवम् फराकिलो आर्थिक वृद्धि हासिल गर्न, निजी क्षेत्रको लगानी अभिवृद्धि गर्न, उद्यमशीलताको अभिवृद्धि गर्न, आर्थिक क्रियाकलाप विस्तार गर्न र रोजगारीका अवसर सिर्जना गर्न सघाउ पुर्‍याउने अपेक्षा गरेको छु।

२२२. अन्त्यमा, बजेट तर्जुमा गर्दा मार्गदर्शन गर्नु हुने माननीय प्रदेश प्रमुख, माननीय मुख्यमन्त्री, प्रदेश सभाका माननीय सभामुख, माननीय उपसभामुख, माननीय मन्त्रीहरू, प्रदेश सभाका विषयगत समितिका माननीय सभापतिहरू, प्रदेश सभाका माननीय सदस्यहरू प्रति हार्दिक आभार व्यक्त गर्दछु। बजेट तर्जुमाका क्रममा प्राप्त सुझावका लागि आम नागरिक, राजनीतिक दल, विभिन्न क्षेत्रका विज्ञ, निजी क्षेत्र, सञ्चार जगत, नागरिक समाज, सबै राष्ट्रसेवक कर्मचारीहरू लगायत सरोकारवाला सबै प्रति हार्दिक धन्यवाद व्यक्त गर्दै बजेट कार्यान्वयनमा सबैबाट सहयोगको अपेक्षा गरेको छु।

धन्यवाद।

जय नेपाल।।।

# आय व्ययको विवरण
## आर्थिक वर्ष २०८२/८३

अनुसूची - १
(रु.हजारमा)

| विवरण | २०८०/८१ को यथार्थ | २०८१/८२ को संशोधित अनुमान | २०८२/८३ को लक्ष्य | | | |
|---|---|---|---|---|---|---|
| | | | रकम | स्रोत | | |
| | | | | प्रदेश सरकार | संघीय अनुदान | |
| | | | | | संघीय | वैदेशिक |
| **१ राजस्व (२+३+४)** | **५२,४०,९९,९३** | **५०,५५,४६,२३** | **५२,६५,८०,२७** | **५२,६५,८०,२७** | **०** | **०** |
| २ कर | २०,७०,४८,३२ | २५,१२,७२,८२ | २८,८७,८२,०१ | २८,८७,८२,०१ | ० | ० |
| ३ अन्य राजस्व | ४,७९,९५,६१ | ५,२७,७०,३६ | ६,७९,०४,१३ | ६,७९,०४,१३ | ० | ० |
| ४ बिबिध प्राप्ति | २६,९०,५६,०० | २०,१५,०३,०५ | १६,९८,९४,१३ | १६,९८,९४,१३ | ० | ० |
| **५ प्रदेश सञ्चित कोषमा दाखिला हुने(१-४)** | **५२,४०,९९,९३** | **५०,५५,४६,२३** | **५२,६५,८०,२७** | **५२,६५,८०,२७** | **०** | **०** |
| **६ वित्तीय हस्तान्तरण अनुदान** | **११,३५,९१,६९** | **१२,८७,१४,४६** | **१४,८१,९३,००** | **०** | **१३,२७,५५,००** | **१,५४,३८,००** |
| **७ प्रदेश सरकारको राजस्व र अनुदान (५+६)** | **६३,७६,९१,६२** | **६३,४२,६०,६९** | **६७,४७,७३,२७** | **५२,६५,८०,२७** | **१३,२७,५५,००** | **१,५४,३८,००** |
| **८ खर्च (९+१०+११)** | **४४,५१,३२,०२** | **४६,६२,६२,०६** | **६७,४७,७३,२७** | **५२,६५,८०,२७** | **१३,२७,५५,००** | **१,५४,३८,००** |
| ९ चालु | ९,८१,२१,८९ | ११,६८,०३,८३ | १७,३८,५७,३३ | १३,६५,७०,२४ | ३,११,५२,०९ | ६१,३५,०० |
| १० पूंजीगत खर्च | २८,५४,०७,०८ | २७,३७,७९,६६ | ४१,४३,२६,३६ | ३०,३४,२०,४५ | १०,१६,०२,९१ | ९३,०३,०० |
| ११ वित्तीय हस्तान्तरण चालु | ६,१६,०३,०५ | ७,५६,७८,५७ | ८,६५,८९,५८ | ८,६५,८९,५८ | ० | ० |
| **१२ बजेट बचत(-) न्यून(+) (८-७)** | **-१९,२५,५९,६०** | **-१६,७९,९८,६३** | **०** | **०** | **०** | **०** |
| **१३ वित्तीय व्यवस्था** | **-७०,२७,००** | **-५,१५** | **०** | **०** | **०** | **०** |
| **१४ आन्तरिक वित्तीय सम्पत्ति (१५+१६)** | **-७०,२७,००** | **-५,१५** | **०** | **०** | **०** | **०** |
| १५ सार्वजनिक संस्थानमा ऋण लगानी | ० | ० | ० | ० | ० | ० |
| १६ अन्य संस्थाबाट ऋण लगानी फिर्ता (-) | -७०,२७,०० | -५,१५ | ० | ० | ० | ० |
| **१७ बजेट बचत(-) न्यून (+) (१२+१३)** | **-१९,९५,८६,६०** | **-१६,८०,०३,७८** | **०** | **०** | **०** | **०** |
| **१८ कुल आम्दानी** | **६४,४७,१८,६२** | **६३,४२,६५,८४** | **६७,४७,७३,२७** | **५२,६५,८०,२७** | **१३,२७,५५,००** | **१,५४,३८,००** |
| **१९ कुल खर्च** | **४४,५१,३२,०२** | **४६,६२,६२,०६** | **६७,४७,७३,२७** | **५२,६५,८०,२७** | **१३,२७,५५,००** | **१,५४,३८,००** |

# राजस्व तथा अनुदान प्राप्तिको अनुमान

## आर्थिक वर्ष २०८२/८३

अनुसूची - २
(रु.हजारमा)

| शीर्षक | २०८०/८१ को यथार्थ | २०८१/८२ को संशोधित अनुमान | २०८२/८३ को लक्ष्य | वर्तमान स्रोतबाट | कर परिवर्तन तथा प्रशासनिक सुधारबाट |
|---|---|---|---|---|---|
| **कर** | **२०,७०,४८,३२** | **२५,१२,७२,८२** | **२८,८७,८२,०१** | **२८,८७,८२,०१** | **०** |
| **आय, मुनाफा तथा पूँजीगत लाभमा लाग्ने कर** | **८** | **१३** | **१०,००** | **१०,००** | **०** |
| **एकलौटी फर्म तथा व्यक्तिगत आयमा लाग्ने कर** | **८** | **१३** | **१०,००** | **१०,००** | **०** |
| कृषि आयमा कर | ८ | १३ | १०,०० | १०,०० | ० |
| **सम्पत्ति कर** | **५,४८,९३,३८** | **५,४८,४६,७४** | **७,७०,००,००** | **७,७०,००,००** | **०** |
| **घरजग्गा रजिष्ट्रेशन दस्तुर** | **५,४८,९३,३८** | **५,४८,४६,७४** | **७,७०,००,००** | **७,७०,००,००** | **०** |
| घरजग्गा रजिष्ट्रेशन दस्तुर | ५,४८,९३,३८ | ५,४८,४६,७४ | ७,७०,००,०० | ७,७०,००,०० | ० |
| **वस्तु तथा सेवामा आधारित कर** | **१५,२१,५४,८६** | **१९,६४,२५,९५** | **२१,१७,७२,०१** | **२१,१७,७२,०१** | **०** |
| **मूल्य अभिवृद्धि कर (मू.अ .क.)** | **६,७५,३७,६६** | **८,९०,०८,०१** | **८,७९,८६,६७** | **८,७९,८६,६७** | **०** |
| बाँडफाँड भई प्राप्त हुने मूल्य अभिवृद्धि कर | ६,७५,३७,६६ | ८,९०,०८,०१ | ८,७९,८६,६७ | ८,७९,८६,६७ | ० |
| **अन्तः शुल्क** | **२,३२,१२,०६** | **३,०५,२४,२९** | **४,०३,७९,०९** | **४,०३,७९,०९** | **०** |
| बाँडफाँड भई प्राप्त हुने अन्त शुल्क | २,३२,१२,०६ | ३,०५,२४,२९ | ४,०३,७९,०९ | ४,०३,७९,०९ | ० |
| **पुर्वाधार सेवाको उपयोग तथा सवारी साधनमा लाग्ने कर** | **६,११,५७,४४** | **७,५२,५७,२२** | **८,२५,००,००** | **८,२५,००,००** | **०** |
| बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | ६,११,५७,४४ | ७,५२,५७,२२ | ८,२५,००,०० | ८,२५,००,०० | ० |
| **मनोरञ्जन तथा विज्ञापन कर** | **२,४७,७०** | **१६,३६,४३** | **९,०६,२५** | **९,०६,२५** | **०** |
| बाँडफाँडबाट प्राप्त हुने मनोरञ्जन कर | ७०,०४ | ७,२४,०८ | ६,६८,७५ | ६,६८,७५ | ० |
| बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर | १,७७,६६ | ९,१२,३५ | २,३७,५० | २,३७,५० | ० |
| **अनुदान** | **११,३५,९१,६९** | **१२,८७,१४,४६** | **१४,८१,९३,००** | **१४,८१,९३,००** | **०** |
| **अन्तरसरकारी वित्तीय हस्तान्तरण** | **११,३५,९१,६९** | **१२,८७,१४,४६** | **१४,८१,९३,००** | **१४,८१,९३,००** | **०** |
| **अन्तरसरकारी अनुदान** | **८,७३,२०,५१** | **१०,७६,६७,०७** | **१२,२८,०३,००** | **१२,२८,०३,००** | **०** |
| समानिकरण अनुदान | ५,९३,८८,०५ | ७,५६,४१,४४ | ८,२८,५४,०० | ८,२८,५४,०० | ० |
| शसर्त अनुदान चालु | १,५६,०६,७१ | २,१६,६१,६४ | २,५६,५२,०० | २,५६,५२,०० | ० |
| विषेश अनुदान चालु | २८,७०,९३ | २५,८३,४९ | १९,५०,०० | १९,५०,०० | ० |
| समपुरक अनुदान पुँजीगत | ९४,५४,८२ | ७७,८०,५० | २३,४७,०० | २३,४७,०० | ० |
| अन्य अनुदान चालु (सङ्घ सरकारबाट पछि प्राप्त हुनसक्ने सशर्त अनुदान) | ० | ० | १,००,००,०० | १,००,००,०० | ० |
| **अन्तरसरकारी पूँजीगत अनुदान** | **२,६२,७१,१८** | **२,१०,४७,३९** | **२,५३,९०,००** | **२,५३,९०,००** | **०** |
| शसर्त पूँजीगत अनुदान | २,३४,००,२५ | १,४६,१०,०५ | २,३२,९०,०० | २,३२,९०,०० | ० |
| विषेश पूँजीगत अनुदान | २८,७०,९३ | ६४,३७,३४ | २१,००,०० | २१,००,०० | ० |
| **अन्य राजस्व** | **४,७९,९५,६१** | **५,२७,७०,३६** | **६,७९,०४,१३** | **६,७९,०४,१३** | **०** |
| **सम्पत्तिबाट प्राप्त आय** | **१,१४,१२,६६** | **१,१९,९४,०४** | **२,०२,१५,९९** | **२,०२,१५,९९** | **०** |
| **भाडा र रोयल्टी** | **१,१४,११,२५** | **१,१९,९२,३०** | **२,०२,१४,८८** | **२,०२,१४,८८** | **०** |
| सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | १९,१९ | १,२४,७६ | ३०,०० | ३०,०० | ० |
| बाँडफाँड भई प्राप्त वन रोयल्टी | ७,७५,१३ | १०,३९,७४ | १५,७५,१३ | १५,७५,१३ | ० |
| बाँडफाँड भई प्राप्त खानी तथा खनिज सम्बन्धी रोयल्टी | ४,११,३२ | ४,२३,६४ | ४,५२,४५ | ४,५२,४५ | ० |
| बाँडफाँड भई प्राप्त विद्युत सम्बन्धी रोयल्टी | ३५,६७,५४ | ४०,३६,५५ | ३९,२४,२९ | ३९,२४,२९ | ० |
| बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय | ६४,३१,८२ | ६१,६८,७६ | १,४०,००,०० | १,४०,००,०० | ० |
| बाँडफाँड भई प्राप्त पर्वतारोहण वापतको रोयल्टी | १,८८,०२ | १,८३,७६ | १,८८,०१ | १,८८,०१ | ० |
| अन्य स्रोतबाट प्राप्त बाँडफाँड नहुने रोयल्टी | १८,२३ | १५,०९ | ४५,०० | ४५,०० | ० |
| **अन्य शुल्क** | **१,४१** | **१,७४** | **१,११** | **१,११** | **०** |
| पर्यटन शुल्क | १,३९ | ९७ | १,११ | १,११ | ० |
| पदयात्रा शुल्क | २ | ७७ | ० | ० | ० |
| **वस्तु तथा सेवा विक्रिबाट प्राप्त रकम** | **३,६२,२१,९६** | **४,०१,६५,९३** | **४,७२,०५,८९** | **४,७२,०५,८९** | **०** |
| **वस्तु तथा सेवा विक्रिबाट प्राप्त रकम** | **१७,२०,८४** | **८,१९,०४** | **४,६०,०८** | **४,६०,०८** | **०** |
| कृषि उत्पादनको विक्रीबाट प्राप्त रकम | ३,८८,११ | ३,०८,५२ | ३,८०,०० | ३,८०,०० | ० |
| सरकारी सम्पतीको विक्रीबाट प्राप्त रकम | ५६,५७ | ४३,१५ | ५३,०८ | ५३,०८ | ० |
| अन्य विक्रीबाट प्राप्त रकम | २,५६ | १,८४ | ५,०० | ५,०० | ० |
| अन्य सेवा शुल्क तथा विक्री | १२,७३,६० | ४,६५,५३ | २२,०० | २२,०० | ० |
| **प्रशासनिक सेवा शुल्क** | **९६,५९,१३** | **१,००,९२,७४** | **१,२६,४६,९३** | **१,२६,४६,९३** | **०** |
| शिक्षा क्षेत्रको आम्दानी | ५,६९ | ६,५७ | १०,०० | १०,०० | ० |
| परीक्षा शुल्क | १७,१०,६३ | १५,४९,०३ | ३०,८६,९३ | ३०,८६,९३ | ० |
| यातायात क्षेत्रको आम्दानी | ७३,५१,९४ | ७७,७९,४५ | ८५,००,०० | ८५,००,०० | ० |
| अन्य प्रशासनिक सेवा शुल्क | ५,९०,८७ | ७,५७,६९ | १०,५०,०० | १०,५०,०० | ० |
| **अन्य प्रशासनिक दस्तुरहरु** | **२,४४,७८,५८** | **२,९०,६७,३४** | **३,०१,०८,८८** | **३,०१,०८,८८** | **०** |
| व्यावसाय रजिष्ट्रेशन दस्तुर | ३०,७५,८० | ४१,५३,७५ | ५२,५०,०० | ५२,५०,०० | ० |
| रेडियो/ एफ.एम.सञ्चालन दस्तुर | ३३,६१ | ४,५८ | २७,०० | २७,०० | ० |
| टेलिभिजन सञ्चालन दस्तुर | २६,८८ | ५१ | ७२,०० | ७२,०० | ० |
| चालक अनुमति पत्र, सवारी दर्ता किताब (Blue book) सम्बन्धी दस्तुर | २,१३,४२,२९ | २,४९,०८,५० | २,४७,५९,८८ | २,४७,५९,८८ | ० |

| शीर्षक | २०८०/८१ को यथार्थ | २०८१/८२ को संशोधित अनुमान | २०८२/८३ को लक्ष्य | वर्तमान स्रोतबाट | कर परिवर्तन तथा प्रशासनिक सुधारबाट |
|---|---|---|---|---|---|
| **अन्य प्रशासनिक सेवा शुल्क** | **३,६३,४१** | **१,८६,८१** | **३९,९०,००** | **३९,९०,००** | **०** |
| वन क्षेत्रको अन्य आय | ३,६३,४१ | १,८६,८१ | ३९,९०,०० | ३९,९०,०० | ० |
| **दण्ड जरिवाना र जफत** | **३,४१,७५** | **५,९४,१९** | **४,४४,५४** | **४,४४,५४** | **०** |
| **दण्ड,जरिवाना र जफत** | **३,४१,७५** | **५,९४,१९** | **४,४४,५४** | **४,४४,५४** | **०** |
| न्यायिक दण्ड,जरिवाना र जफत | ५८ | १०,४२ | ० | ० | ० |
| प्रशासनिक दण्ड,जरिवाना र जफत | ३,४०,३६ | ५,५६,९७ | ४,३१,५४ | ४,३१,५४ | ० |
| धरौटी सदरस्याहा | ८१ | २६,८० | १३,०० | १३,०० | ० |
| **विविध राजस्व** | **१९,२४** | **१६,२०** | **३७,७१** | **३७,७१** | **०** |
| **चालु दावी तथा अन्य शुल्कहरू** | **४,८५** | **५,७७** | **२,७१** | **२,७१** | **०** |
| बीमा दावी प्राप्ति | ४,८५ | ५,७७ | २,७१ | २,७१ | ० |
| **अन्य राजस्व** | **१४,३९** | **१०,४३** | **३५,००** | **३५,००** | **०** |
| अन्य राजस्व | १४,३९ | १०,४३ | ३५,०० | ३५,०० | ० |
| **बिविध प्राप्ति** | **२६,९०,५६,००** | **२०,१५,०३,०५** | **१६,९८,९४,१३** | **१६,९८,९४,१३** | **०** |
| **बिविध प्राप्ति** | **२६,९०,५६,००** | **२०,१५,०३,०५** | **१६,९८,९४,१३** | **१६,९८,९४,१३** | **०** |
| **बिविध प्राप्ति** | **७४,७५,९६** | **१९,१६,४५** | **१८,९०,३६** | **१८,९०,३६** | **०** |
| बेरूजू | १०,५४,०३ | १०,५९,०६ | १०,०९,५४ | १०,०९,५४ | ० |
| निकासा फिर्ता | २१,२९ | १,५८ | २५,०० | २५,०० | ० |
| अनुदान फिर्ता | ६४,००,६४ | ८,५५,८१ | ८,५५,८२ | ८,५५,८२ | ० |
| **नगद तथा मौज्दात** | **२६,१५,८०,०४** | **१९,९५,८६,६०** | **१६,८०,०३,७७** | **१६,८०,०३,७७** | **०** |
| गत वर्षको नगद मौज्दात | २६,१५,८०,०४ | १९,९५,८६,६० | १६,८०,०३,७७ | १६,८०,०३,७७ | ० |
| **वित्तीय सम्पत्ति** | **७०,२७,००** | **५,१५** | **०** | **०** | **०** |
| **आन्तरिक वित्तीय सम्पत्ति** | **७०,२७,००** | **५,१५** | **०** | **०** | **०** |
| **खूद ऋण लगानी** | **७०,२७,००** | **५,१५** | **०** | **०** | **०** |
| अन्य संस्थाबाट ऋण लगानी फिर्ता (-) | ७०,२७,०० | ५,१५ | ० | ० | ० |
| **जम्मा ( राजस्व / प्राप्ति )** | **६४,४७,१८,६२** | **६३,४२,६५,८४** | **६७,४७,७३,२७** | **६७,४७,७३,२७** | **०** |
| **राजस्व बाँडफाँट** | | | | | |
| **प्रदेश सञ्चित कोषमा दाखिला हुने राजस्व** | **६४,४७,१८,६२** | **६३,४२,६५,८४** | **६७,४७,७३,२७** | **६७,४७,७३,२७** | **०** |

# कार्यगत व्यय अनुमान
## आर्थिक वर्ष २०८२/८३

अनुसूची - ३
(रु.हजारमा)

| शीर्षक | २०८२/८३ को लक्ष्य | | | कुल अनुमानको प्रतिशत |
|---|---|---|---|---|
| | जम्मा | प्रदेश | स्थानीय तह | |
| **सामान्य सार्वजनिक सेवा** | **२०,१५,८१,४४** | **११,४९,९१,८६** | **८,६५,८९,५८** | **२९.८७** |
| वाह्य आर्थिक सहायता | ५,०७,०० | ५,०७,०० | ० | |
| सामान्य सेवा | ४,८५,५७,१० | ४,८५,५७,१० | ० | |
| आधारभूत अनुसन्धान | २,३७,४१,६८ | २,३७,४१,६८ | ० | |
| सामान्य सार्वजनिक सेवामा अनुसन्धान तथा विकास | १९,९९,०० | १९,९९,०० | ० | |
| सामान्य सेवा - अन्यत्र वर्गीकृत नभएको | ३,८५,१३,५० | ३,८५,१३,५० | ० | |
| विभिन्न तहका सरकारहरु बीच हुने सामान्य प्रकृतिको हस्तान्तरण | ८,८२,६३,१६ | १६,७३,५८ | ८,६५,८९,५८ | |
| **सार्वजनिक शान्ति सुरक्षा** | **६२,५८,५२** | **६२,५८,५२** | **०** | **०.९३** |
| न्यायालय | २,७१,५६ | २,७१,५६ | ० | |
| सार्वजनिक शान्ति सुरक्षामा अनुसन्धान तथा विकास | ५९,८६,९६ | ५९,८६,९६ | ० | |
| **आर्थिक मामिला** | **२७,२६,२७,५९** | **२७,२६,२७,५९** | **०** | **४०.४०** |
| सामान्य आर्थिक, व्यापारिक र श्रम मामिला | ४,३९,०६ | ४,३९,०६ | ० | |
| कृषि, वन , मत्स्यपालन तथा शिकार | ४,८३,७९,८१ | ४,८३,७९,८१ | ० | |
| खानी , उत्पादन तथा निर्माण | ४७,३९,८५ | ४७,३९,८५ | ० | |
| यातायात | १८,३५,०४,३५ | १८,३५,०४,३५ | ० | |
| संचार | २,२५,०० | २,२५,०० | ० | |
| अन्य उद्योगहरु | १५,५५,६७ | १५,५५,६७ | ० | |
| अनुसन्धान तथा विकास - आर्थिक मामिला | १२,८०,३५ | १२,८०,३५ | ० | |
| आर्थिक मामिला - अन्यत्र वर्गिकृत नभएको | ३,२५,०३,५० | ३,२५,०३,५० | ० | |
| **वातावरण संरक्षण** | **२,५३,८५,७४** | **२,५३,८५,७४** | **०** | **३.७६** |
| जैविक विविधता र भू-संरक्षण | १,९०,३९,८१ | १,९०,३९,८१ | ० | |
| अनुसन्धान तथा विकास पर्यावरण संरक्षण | ३०,४०,२३ | ३०,४०,२३ | ० | |
| वातावरण संरक्षण - अन्यत्र वर्गिकृत नभएको | ३३,०५,७० | ३३,०५,७० | ० | |
| **आवास तथा सामुदायिक सुविधा** | **९,४७,५९,६९** | **९,४७,५९,६९** | **०** | **१४.०४** |
| आवास विकास | ६,१९,७८,११ | ६,१९,७८,११ | ० | |
| खानेपानी | ३,२७,८१,५८ | ३,२७,८१,५८ | ० | |
| **स्वास्थ्य** | **२,९९,८८,५७** | **२,९९,८८,५७** | **०** | **४.४४** |
| औषधी उत्पादन,उपकरण तथा औजार | ३,८०,०० | ३,८०,०० | ० | |
| वहिरंङ्ग सेवा | ७,८६,०० | ७,८६,०० | ० | |
| अस्पताल सेवा | १,२९,१०,०४ | १,२९,१०,०४ | ० | |
| सार्वजनिक स्वास्थ्य सेवा | १,४०,८०,५३ | १,४०,८०,५३ | ० | |
| स्वास्थ्यमा अनुसन्धान सेवा | १८,३२,०० | १८,३२,०० | ० | |
| **मनोरंजन,संस्कृति तथा धर्म** | **५३,५९,३१** | **५३,५९,३१** | **०** | **०.७९** |
| मनोरंजनात्मक र खेलकुद सेवाहरु | ५३,५९,३१ | ५३,५९,३१ | ० | |
| **शिक्षा** | **३,८८,१२,४१** | **३,८८,१२,४१** | **०** | **५.७५** |
| सीपमूलक | १७,३२,८६ | १७,३२,८६ | ० | |
| तहमा वर्गिकृत नहुने शिक्षा (अनौपचारिक शिक्षा) | १,१९,१२,०० | १,१९,१२,०० | ० | |
| शिक्षाको लागि सहायक सेवाहरु | १,३०,०० | १,३०,०० | ० | |
| शिक्षा - अन्यत्र वर्गिकृत नभएको | २,५०,३७,५५ | २,५०,३७,५५ | ० | |
| **कुल जम्मा** | **६७,४७,७३,२७** | **५८,८१,८३,६९** | **८,६५,८९,५८** | **१००** |

# मन्त्रालयगत व्यय अनुमान (वित्तीय व्यवस्था सहित)

## आर्थिक वर्ष २०८२/८३

अनुसूची - ४
(रु.हजारमा)

| निकाय | | कुल जम्मा | प्रदेश | | | स्थानीय तह | कुल अनुमानको प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | | जम्मा | चालु/पुँजीगत | वित्तीय | | |
| २०२ | प्रदेश व्यवस्थापिका | ३०,०५,५५ | ३०,०५,५५ | ३०,०५,५५ | ० | ० | ०.४५ |
| २१० | प्रदेश लोक सेवा आयोग | १०,७५,५५ | १०,७५,५५ | १०,७५,५५ | ० | ० | ०.१६ |
| २१६ | मुख्य न्यायाधिवक्ताको कार्यालय | २,७१,५६ | २,७१,५६ | २,७१,५६ | ० | ० | ०.०४ |
| ३०१ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ५३,८०,५८ | ५३,८०,५८ | ५३,८०,५८ | ० | ० | ०.८० |
| ३०५ | आर्थिक मामिला तथा योजना मन्त्रालय | २१,९५,६१ | २१,९५,६१ | २१,९५,६१ | ० | ० | ०.३३ |
| ३०७ | उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय | ७९,१६,६२ | ७७,९६,६२ | ७७,९६,६२ | ० | १,२०,०० | १.१७ |
| ३१२ | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | ३,५४,७९,३० | २,६३,४२,८० | २,६३,४२,८० | ० | ९१,३६,५० | ५.२६ |
| ३१३ | खानेपानी, ऊर्जा तथा सिँचाई मन्त्रालय | ७,७५,२१,५५ | ७,२८,७१,५५ | ७,२८,७१,५५ | ० | ४६,५०,०० | ११.४९ |
| ३१४ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | ७०,१८,९० | ६२,११,९६ | ६२,११,९६ | ० | ८,०६,९४ | १.०४ |
| ३२५ | संस्कृति तथा पर्यटन मन्त्रालय | ३,७१,७०,८६ | ३,६७,७०,८६ | ३,६७,७०,८६ | ० | ४,००,०० | ५.५१ |
| ३२९ | वन तथा वातावरण मन्त्रालय | ३,९९,६७,८० | ३,९९,६७,८० | ३,९९,६७,८० | ० | ० | ५.९२ |
| ३३६ | सहकारी तथा गरिबी निवारण मन्त्रालय | ३२,१५,२१ | २५,७८,२१ | २५,७८,२१ | ० | ६,३७,०० | ०.४८ |
| ३३७ | भौतिक पूर्वाधार विकास मन्त्रालय | २५,४८,३९,०४ | २४,८०,१९,०४ | २४,८०,१९,०४ | ० | ६८,२०,०० | ३७.७७ |
| ३४३ | युवा तथा खेलकुद मन्त्रालय | १,२०,०५,३८ | १,१६,८०,३८ | १,१६,८०,३८ | ० | ३,२५,०० | १.७८ |
| ३५० | सामाजिक विकास मन्त्रालय | ४,५७,६९,७९ | ४,३५,९७,४५ | ४,३५,९७,४५ | ० | २१,७२,३४ | ६.७८ |
| ३७० | स्वास्थ्य मन्त्रालय | ४,९०,०९,१० | ३,९६,८८,३० | ३,९६,८८,३० | ० | ९३,२०,८० | ७.२६ |
| ३७१ | श्रम, रोजगार तथा यातायात मन्त्रालय | ८७,४१,६३ | ८७,४१,६३ | ८७,४१,६३ | ० | ० | १.३० |
| ३९१ | प्रदेश नीति तथा योजना आयोग | ४,३८,२४ | ४,३८,२४ | ४,३८,२४ | ० | ० | ०.०६ |
| ६०१ | कर्मचारी सुविधा तथा सेवानिवृत्त सुविधा | ४,००,०० | ४,००,०० | ४,००,०० | ० | ० | ०.०६ |
| ६०२ | अर्थ - विविध | ३,११,५०,०० | ३,११,५०,०० | ३,११,५०,०० | ० | ० | ४.६२ |
| ८०१ | स्थानीय तह | ५,२२,०१,०० | ० | ० | ० | ५,२२,०१,०० | ७.७४ |
| | **कुल जम्मा** | **६७,४७,७३,२७** | **५८,८१,८३,६९** | **५८,८१,८३,६९** | **०** | **८,६५,८९,५८** | **१००** |

# खर्च शीर्षकगत व्यय अनुमान
## आर्थिक वर्ष २०८२/८३

अनुसूची - ५
(रु.हजारमा)

| खर्च संकेत नं. | खर्च शीर्षक | नगद | | कुल जम्मा |
|---|---|---|---|---|
| | | प्रदेश सरकार | संघीय अनुदान | |
| **चालु** | | **२१,५८,३९,३२** | **३,७२,८७,०९** | **२५,३१,२६,४१** |
| **२११००** | **पारिश्रमिक / सुविधा** | **३,३४,५७,५५** | **४३,०८,७८** | **३,७७,६६,३३** |
| २११११ | पारिश्रमिक कर्मचारी | २,६९,१४,२० | ३८,४०,१५ | ३,०७,५४,३५ |
| २१११२ | पारिश्रमिक पदाधिकारी | १४,०५,०४ | ० | १४,०५,०४ |
| २११२१ | पोशाक | ५,५२,८५ | ७३,६० | ६,२६,४५ |
| २११२२ | खाद्यान्न | ८,५७,२० | ९६,१२ | ९,५३,३२ |
| २११३१ | स्थानीय भत्ता | ६५,२७ | १८,९६ | ८४,२३ |
| २११३२ | महंगी भत्ता | १५,७१,१६ | ६१,२० | १६,३२,३६ |
| २११३३ | फिल्ड भत्ता | ३,०० | ० | ३,०० |
| २११३४ | कर्मचारीको बैठक भत्ता | ४,२२,४२ | ५४,६५ | ४,७७,०७ |
| २११३५ | कर्मचारी प्रोत्साहन तथा पुरस्कार | १,०८ | २७,९० | २८,९८ |
| २११३९ | अन्य भत्ता | ४,७८,४० | ९० | ४,७९,३० |
| २११४१ | पदाधिकारी बैठक भत्ता | १,७०,२० | ० | १,७०,२० |
| २११४२ | पदाधिकारी अन्य सुविधा | १०,१६,७३ | ० | १०,१६,७३ |
| २११४९ | पदाधिकारी अन्य भत्ता | ० | १,३५,३० | १,३५,३० |
| **२१२००** | **कर्मचारीको सामाजिक सुरक्षा खर्च** | **६,९४,३१** | **५** | **६,९४,३६** |
| २१२११ | सामाजिक सुरक्षा कोष खर्च | २,८८ | ० | २,८८ |
| २१२१२ | योगदानमा आधारित निवृतभरण तथा उपदान कोष खर्च | ४,८९,६२ | ० | ४,८९,६२ |
| २१२१३ | योगदानमा आधारित बीमा कोष खर्च | १,९२,०५ | ५ | १,९२,१० |
| २१२२२ | पदाधिकारीको योगदानमा आधारित निवृतभरण तथा उपदान कोष खर्च | २,२६ | ० | २,२६ |
| २१२२३ | पदाधिकारीको योगदानमा आधारित बीमा कोष खर्च | ७,५० | ० | ७,५० |
| **२२१००** | **सेवा महसुल** | **१४,६४,७८** | **१,७४,७१** | **१६,३९,४९** |
| २२१११ | पानी तथा बिजुली | १०,२५,६२ | १,२५,१९ | ११,५०,८१ |
| २२११२ | संचार महसुल | ४,३९,१६ | ४६,०२ | ४,८५,१८ |
| २२११३ | सार्वजनिक उपयोगिताको सेवा खर्च | ० | ३,५० | ३,५० |
| **२२२००** | **पूँजीगत सम्पत्तिको संचालन र सम्भार खर्च** | **४३,९९,१६** | **३,१३,९२** | **४७,१३,०८** |
| २२२११ | इन्धन (पदाधिकारी) | १,३०,७५ | ३,०० | १,३३,७५ |
| २२२१२ | इन्धन (कार्यालय प्रयोजन) | १२,८६,९८ | ९९,३८ | १३,८६,३६ |
| २२२१३ | सवारी साधन मर्मत खर्च | १३,९७,५० | ५७,७२ | १४,५५,२२ |
| २२२१४ | बिमा तथा नवीकरण खर्च | ४,०२,०० | २२,६४ | ४,२४,६४ |
| २२२२१ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | ४,५६,९७ | ५७,३० | ५,१४,२७ |
| २२२३१ | निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | ६,३३,९५ | ५६,६० | ६,९०,५५ |
| २२२९१ | अन्य सम्पत्तिहरूको संचालन तथा सम्भार खर्च | ९१,०१ | १७,२८ | १,०८,२९ |
| **२२३००** | **कार्यालय सामान तथा सेवाहरू** | **३५,१८,७२** | **६,६२,८३** | **४१,८१,५५** |
| २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | २३,८९,७३ | ७६,५६ | २४,६६,२९ |
| २२३१२ | पशुपंक्षीहरूको आहार | १,०० | ७,२० | ८,२० |
| २२३१३ | पुस्तक तथा सामग्री खर्च | २०,५७ | ३,४३,२९ | ३,६३,८६ |
| २२३१४ | इन्धन - अन्य प्रयोजन | १,६७,५८ | २३,२० | १,९०,७८ |
| २२३१५ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | ८,६१,६१ | १,५८,७० | १०,२०,३१ |
| २२३१९ | अन्य कार्यालय संचालन खर्च | ७८,२३ | ५३,८८ | १,३२,११ |
| **२२४००** | **सेवा तथा परामर्श खर्च** | **१,०६,००,६२** | **२७,००,९४** | **१,३३,०१,५६** |
| २२४११ | सेवा र परामर्श खर्च | ६,३४,१५ | १,३४,६७ | ७,६८,८२ |
| २२४१२ | सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | ८६,२५ | ४,६९ | ९०,९४ |
| २२४१३ | करार सेवा शुल्क | ९७,७४,९८ | २५,५४,६९ | १,२३,२९,६७ |
| २२४१९ | अन्य सेवा शुल्क | १,०५,२४ | ६,८९ | १,१२,१३ |
| **२२५००** | **कार्यक्रम सम्वन्धी खर्चहरू** | **४,१९,८८,७९** | **१,५०,००,२०** | **५,६९,८८,९९** |
| २२५११ | कर्मचारी तालिम खर्च | ७,०४,२३ | ५,०३,३८ | १२,०७,६१ |
| २२५१२ | सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | ५५,५८,२४ | ८,६५,३१ | ६४,२३,५५ |
| २२५२१ | उत्पादन सामग्री / सेवा खर्च | ६,२३,६९ | ३७,०० | ६,६०,६९ |
| २२५२२ | कार्यक्रम खर्च | ३,३३,५२,८० | १,३५,९०,०१ | ४,६९,४२,८१ |
| २२५२९ | विविध कार्यक्रम खर्च | १७,४९,८३ | ४,५० | १७,५४,३३ |
| **२२६००** | **अनुगमन,मूल्यांकन र भ्रमण खर्च** | **१५,४२,५४** | **१,५०,१५** | **१६,९२,६९** |
| २२६११ | अनुगमन, मूल्यांकन खर्च | १३,१८,१७ | १,०९,२९ | १४,२७,४६ |
| २२६१२ | भ्रमण खर्च | २,०६,३७ | ३८,५४ | २,४४,९१ |
| २२६१३ | विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च | १८,०० | ० | १८,०० |
| २२६१९ | अन्य भ्रमण खर्च | ० | २,३२ | २,३२ |

| खर्च संकेत नं. | खर्च शीर्षक | नगद | | कुल जम्मा |
|---|---|---|---|---|
| | | प्रदेश सरकार | संघीय अनुदान | |
| **२२७००** | **विविध खर्च** | **१३,१९,१४** | **५१,६६** | **१३,७०,८०** |
| २२७११ | विविध खर्च | १३,१९,१४ | ५१,६६ | १३,७०,८० |
| **२५३००** | **अन्य सहायता** | **३,२१,००** | **०** | **३,२१,००** |
| २५३१४ | धार्मिक तथा सांस्कृतिक संस्था सहायता | ३,२१,०० | ० | ३,२१,०० |
| **२६३००** | **अन्य तहका सरकारहरूलाई अनुदान** | **७,९२,६९,०८** | **०** | **७,९२,६९,०८** |
| २६३३१ | समानिकरण अनुदान | १,६६,२५,०० | ० | १,६६,२५,०० |
| २६३३२ | सशर्त अनुदान | २,७०,६८,०८ | ० | २,७०,६८,०८ |
| २६३३३ | विषेश अनुदान | ७६,३०,०० | ० | ७६,३०,०० |
| २६३३४ | समपुरक अनुदान | २,७९,४६,०० | ० | २,७९,४६,०० |
| **२६४००** | **सामाजिक सेवा अनुदान** | **२,३२,२८,९६** | **२८,८६,७५** | **२,६१,१५,७१** |
| २६४१२ | सरकारी निकाय, समिति एवं बोर्डहरूलाई सःसर्त चालु अनुदान | ५७,९३,४१ | ९,१५,०० | ६७,०८,४१ |
| २६४१३ | अन्य संस्थालाई अनुदान' सःशर्त | ३६,४५,०० | ११,०१,५१ | ४७,४६,५१ |
| २६४२१ | सरकारी निकाय, समिति, बोर्ड — पुँजीगत निःशर्त अनुदान | १०,०५,०० | ० | १०,०५,०० |
| २६४२२ | सरकारी निकाय, समिति, बोर्ड — पुजिगत सःशर्त अनुदान | ९३,३२,४५ | ८,००,२४ | १,०१,३२,६९ |
| २६४२३ | अन्य संस्थालाई सःशर्त पुँजीगत अनुदान | ३४,५३,१० | ७०,०० | ३५,२३,१० |
| **२७२००** | **सामाजिक सहायता** | **१७,७२,०५** | **८,९६,६२** | **२६,६८,६७** |
| २७२११ | छात्रवृत्ति | १,०४,६२ | ४,१४,२९ | ५,१८,९१ |
| २७२१३ | औषधी खरिद खर्च | १६,६७,४३ | ४,८२,३३ | २१,४९,७६ |
| **२७३००** | **कर्मचारी सामाजिक लाभ सम्बन्धि खर्च** | **४,०५,९०** | **०** | **४,०५,९०** |
| २७३११ | निवृत्ति भरण तथा अशक्त वृत्ति | ४,००,०० | ० | ४,००,०० |
| २७३१३ | सेवा निवृत्तको संचित विदा | ५,९० | ० | ५,९० |
| **२८१००** | **सम्पत्ति सम्बन्धी खर्च** | **१६,८१,७२** | **१,४०,४८** | **१८,२२,२०** |
| २८१४१ | जग्गाको भाडा | २८,०० | ८८,८० | १,१६,८० |
| २८१४२ | घर भाडा | १५,८७,६४ | ४३,८६ | १६,३१,५० |
| २८१४३ | सवारी साधन तथा मेशिनर औजार भाडा | ६६,०८ | ७,८२ | ७३,९० |
| **२८२००** | **फिर्ता खर्च** | **५०,००** | **०** | **५०,००** |
| २८२११ | राजस्व फिर्ता | २५,०० | ० | २५,०० |
